

# राप्ती गाउँपालिका

## बालबालिका विवरण - २०७६
## (Children Profile - 2076)





**राप्ती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**

**महिला तथा बालबालिका शाखा**

मसुरीया देउखुरी, दाङ

५ नं. प्रदेश, नेपाल

# शुभकामना



राप्ती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मसुरीया दाङ को आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गाउँ कार्यपालिकाको कार्यालय महिला तथा बालबालिका शाखाको आयोजनामा बालमैत्री शासन गाउँपालिका स्तरिय वाल प्रोफाईल निर्माण गर्नका लागि वडा न. १ देखि वडा नं ९ सम्मको घरधुरी सर्वेक्षण बाट आएको विवरणलाई विश्लेषणात्मक तवरले यस क्षेत्रका वालवालिकाहरुको विवरण सहितको वाल प्रोफाईल बन्नु राम्रो कार्यका रुपमा राप्ती गाउँपालिकाले लिएको छ।

नेपालको संविधान २०७२ ले कल्पना गरेअनुसार स्थानीय निकाय पुनर्संरचना गर्दै अधिकार सम्पन्न स्थानीय तह तयार तथा सञ्चालन भईरहेको छ । राज्यको नयाँ संरचना अनुसार साविकमा गाविस अर्न्तगतका जनसंख्या, आर्थिक, सामाजिक, श्रोत र साधनहरु समेतको अवस्थामा परिवर्तन भएको छ। अधिकार निक्षेपणको आधारले नयाँ कायम भएका स्थानीय तह नै स्थानीय सरकार बनेका छन् । यद्यपि नयाँ संरचनाका स्थानीय तहहरुमा भरपर्दो, आधिकारिक र पर्याप्त सूचना र तथ्याङ्कहरुको अभिलेख उपलब्ध हुन सकिरहेको थिएन। दाङ जिल्लामा साविकमा कायम रहेका ३ वटा गाउँ विकास समितिलाई पुनर्संरचना मार्फत राप्ती गाउँपालिका कायम गरिएको छ।
विकास प्रकृयाको साथै यस क्षेत्रका सबै वर्ग, क्षेत्र, जातजाती, भाषा, धर्म, उमेर सबैको वारेमा केही जानकारी प्राप्त गर्न सकियो भने नयाँ योजना तथा कार्यक्रम निर्माणमा सहयोग पुग्दछ।

बालवालिकाहरुको विवरण सहितको वाल प्रोफाईल तयारी प्रकृयामा सहयोग गर्नुहुने गाउँपालिकाका सम्पूर्ण वडाका निर्वाचित प्रतिनिधिज्यूहरु, गाउँपालिका कार्यालयका कर्मचारी, वडा कार्यालयका कर्मचारी, राजनैतिक दल, बुद्धिजिवी, समाजसेवी, तथ्याङ्क संकलनका लागि घरघरमा गई पारिवारिक सूचना संकलन गर्न खटिनु भएका गणकहरु लगायत यस कार्यमा औपचारिक तथा अनौपचारिक रुपमा संलग्न हुनुहुने सवै र सम्पन्न गर्न पुर्ण रुपले खट्नुहुने सञ्चार संयोजक तिर्थराज ज्ञवालीलाई गाउँपालिकाको तर्फवाट हार्दिक धन्यवाद प्रकट गर्दछु।

......................
नुमानन्द सुवेदी
अध्यक्ष
राप्ती गाउँपालिका, दाङ

# शुभकामना



बालबालिकालाई सबैले मुटुका टुक्राको रुपमा परिवारमा लिईने गरिन्छ । बालबालिकालाई सबैले माया, स्नेह गर्नु पर्दछ । बालबालिकाको बाल अवस्थाको आधारमा भोलि सो बालबालिका युवा अवस्थामा कस्तो बन्छ थाहा पाउन सकिन्छ ।

हाम्रो देश नेपालमा बालबालिकासम्बन्धी ऐन २०७५ अनुसार १८ वर्षमुनिका सबै व्यक्तिलाई बालबालिका भनिन्छ भनेर परिभाषित गरिएको छ ।

बाल अधिकारसम्बन्धी महासन्धी १९८९ज्ञ को धारा १ अनुसार पनि १८ वर्ष मुनिका सबै व्यक्तिलाई बालबालिका मानिएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ आउनु अगाडि राष्ट्रिय कानुनअनुसार नेपालमा १६ वर्ष मुनिका व्यक्तिलाई मात्र बालबालिका मानिन्थ्यो तर अब नेपालको कानुनले पनि अर्न्तराष्ट्रिय कानुन बमोजिमको परिभाषालाई स्वीकार गरी १८ वर्ष मुनिका व्यक्तिलाई बालबालिका भनेर परिभाषित गरेका अवस्थामा राप्ती गाउँपालिकाको हरेक योजना, कार्यक्रमलाई अघि बढाउदा जनसंख्या, घरधुरी, महिला पुरुष, बालबालिका, युवा, बयस्क, बृद्धहरुको संख्या सबैले थाहा पाउन आवश्यक रहेकोले राप्ती गाउँपालिका महिला तथा बालबालिका शाखाले बालबालिकाको विषय बस्तु समेटेर बाल प्रोफाईल निर्माण गरेको हो ।

हाम्रो राप्ती गाउँपालिकामा रहेका जन्मदेखि १८ वर्ष पूरा गरेका बालबालिकाहरुको अवस्था शिक्षा, स्वास्थ्य, बसोवास, खानपान, सरसफाई, मनोरञ्जन लगायतका विषयमा तयार गरिएको वालवालिका विवरण - २०७६ ले बालबालिकाको क्षेत्रमा काम गर्ने सरोकारवालाहरुलाई थप सहयोग पुग्ने देखिन्छ ।
वालवालिकाहरुको विवरण सहितको वाल प्रोफाईल निर्माण प्रकृयामा लाग्नुहुने गाउँपालिकाका सम्पूर्ण वडाका जन प्रतिनिधिज्यूहरु, गाउँपालिका कार्यालयका कर्मचारी, वडा कार्यालयका कर्मचारी, राजनैतिक दल, बुद्धिजिवी, समाजसेवी, तथ्याङ्क संकलनका लागि घरघरमा गई पारिवारिक सूचना संकलन कार्यमा खटिनु भएका गणकहरु बाल प्रोफाईल सम्पन्न गर्न पुर्ण रुपले खट्नुहुने सञ्चार संयोजक तिर्थराज ज्ञवालीलाई लगायत सवैमा गाउँपालिकाको तर्फवाट हार्दिक धन्यवाद प्रकट गर्दछु ।

..................................
जगदम्वाकुमारी चौधरी
उपाध्यक्ष
राप्ती गाउँपालिका, दाङ

# शुभकामना



नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार बालबालिकाको हक अधिकारको रक्षा गर्दै बालबालिकाहरुको नैसर्गिक अधिकारको रक्षाको लागि कार्य गरिरहेको अवस्था छ।
स्थानीय निकाय पुनर्संरचना पश्चात बनेका पालिकाहरुले बालबालिका सम्वन्धी योजना कार्ययोजना तथा कार्य संचालन गर्न तथ्याङको आवश्यकता पर्दै आएको अवस्थामा यस राप्ती गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार राप्ती गाउँपालिकाका बालबालिकाको बारेमा धेरै भन्दा धेरै जानकारी प्राप्त गर्नु आवश्यक रहेकोले बाल प्रोफाईलको निर्माण कार्य  सुरु गरिएको हो।
बालबालिकाको तथ्याङ्क  सहित सूक्ष्म जानकारी प्राप्त गर्न घरघरमै गएर सोधिएका प्रश्नको उत्तरका आधार तथा केही विगतका दिनमा लिईएको विभिन्न संघ संस्थाको तथ्याङ्कका आधारमा यो पुस्तिका तयार गरिएको छ।
यस क्षेत्रका बालबालिकाको सबै वर्ग, क्षेत्र, जातजाति, भाषा धर्म, उमेर का बारेमा, नेपालको संविधान र बाल अधिकार, बालबालिकाको उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण, मातृभाषाको आधारमा बालबालिका घरधुरी  विवरण, बालबालिकाको धर्मका अनुसार घरधुरी विवरण, जातिगत आधारमा घरधुरी तथा जनसंख्या विवरण, जातजातिका आधारमा बालबालिकाको जनसंख्या विवरण, बालबालिका लाई मनोरञ्जन तथा ब्यक्तिगत सरसफाई, प्राथमिक, आधारभूत र माध्यमिक बिद्यालयमा पहुँचको अवस्था, बालमैत्री शिक्षा सम्बन्धी विवरण लगायत बालबालिकाको अन्य विभिन्न विषयमा यस पुस्तकमा जानकारी समेटिएको छ। यो पहिलो प्रयास भएको कारण छुटेका आवस्यक जानकारी, तथ्याङ्क आगामी दिनमा  पुनः ल्याउने योजना समेत बनाईएको छ।
अन्तमा यस राप्ती गाउँपालिका महिला तथा बालबालिका शाखाको तर्फवाट वाल प्रोफाईल निर्माण प्रकृयामा लाग्नुहुने गाउँपालिकाका सम्पूर्ण वडाका जन प्रतिनिधिज्यूहरु, गाउँपालिका कार्यालयका कर्मचारी, वडा कार्यालयका कर्मचारी, राजनैतिक दल, बुद्धिजिवी, समाजसेवी, तथ्याङ्क संकलनका लागि घरघरमा गई पारिवारिक सूचना संकलनमा खटिनु भएका गणकहरु साथै बाल प्रोफाईल सम्पन्न गर्न पुर्ण रुपले खट्नुहुने सञ्चार संयोजक तिर्थराज ज्ञवालीलाई लगायत सवैमा हार्दिक धन्यवाद प्रकट गर्दछौ ।

..............................
जीवन कुमारी जि.सी.
प्रमुख
महिला तथा बालबालिका शाखा
राप्ती गाउँपालिका, दाङ

# नेपालको संविधान र बाल अधिकार

बालबालिका सम्बन्धी ऐन २०७५ अनुसार १८ वर्षमुनिका सबै व्यक्तिलाई बालबालिका भनिन्छ भनेर परिभाषा गरिएको छ । बाल अधिकारसम्बन्धी महासन्धी १९८९ज्ञ को धारा १ अनुसार पनि १८ वर्ष मुनिका सबै व्यक्तिलाई बालबालिका मानिएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ आउनु अगाडि नेपालमा १६ वर्ष मुनिका व्यक्तिलाई मात्र बालबालिका मानिन्थ्यो तर अब नेपालको कानुनले पनि अर्न्तराष्ट्रिय कानुन बमोजिमको परिभाषालाई स्वीकार गरी १८ वर्ष मुनिका व्यक्तिलाई बालबालिका भनेर परिभाषित गरेको छ ।

धारा ३९ मा उल्लेख विषय बस्तु : बालबालिकाको हक

१. प्रत्येक बालबालिकालाई आपनो पहिचान सहित नामकरण र जन्मदर्ता हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण , उचित स्याहार, खेलकुद, मनोरंञ्जन तथा सर्वाङ्गिण व्यतित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइनेछैन ।

५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धन राख्न पाइनेछैन ।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले हुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन ।

८. प्रत्येक बालबालिकालाई  बाल अनुकूल न्यायको हक हुनेछ ।

९.असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्धपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा ४, ५, ६,र ७ विपरीतका कार्य कानून बमोजित क्षतिपूर्ति पाउने हक हुनेछ ।

यस अतिरिक्त संविधानका तल उल्लेख भए लगायतका धाराहरु बालबालिकाका लागि  पनि आकर्षित हुन्छन्

धारा १८ समानताको हक,

धारा २० न्याय सम्बन्धी हक,

धारा २९ शोषण विरुद्धको हक
धारा ३१ शिक्षा सम्बन्धी हक,
धारा ३५ स्वास्थ्य सम्बन्धी हक,
धारा ४० दलितको हक
धारा ४२ सामाजिक न्यायको हक,
धारा ४३ सामाजिक सुरक्षाको हक,
धारा ५१ राज्यका नीतिहरु

आमाको गर्भदेखि बालबालिकाको उमेरसम्मको बालस्वास्थ्यको सबै अवस्थाहरुमा बालबालिकालाई निःशुल्क स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ। बाल स्वास्थ्य सेवा प्रभावकारी रुपमा प्रदान गर्ने आवश्यक व्यवस्था गरिनेछ । बालबालिकाको पोषण स्थिति सुधार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्वास्थ्य सेवामा अपाङ्गता भएका बालबालिका र विशेष हेरचाह आवश्यक पर्ने बालबालिकाहरुको पहुँच बढाउनु आवस्यक छ।
प्रत्येक बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा पाउने र आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने व्यवस्था आवस्यक छ।
प्राथमिक शिक्षा अनिवार्य गर्न शिक्षा ऐनमा आवश्यक संशोधन आवस्यक छ। विद्यालयमा बाल-मैत्री शिक्षण-सिकाई वातावरणको विकास र विस्तार गरिनुपर्ने देखीन्छ ।
बालबालिकालाई प्रारम्भिक शिक्षा दिने प्रारम्भिक बाल विकास केन्द्रहरु स्थापना गर्ने कार्यमा जोड दिइनुपर्ने आवस्यक छ र प्रत्येक सामुदायिक विद्यालयमा बाल विकास कक्षाको व्यवस्था गरिनु पर्दछ । प्रारम्भिक बाल विकासलाई जीवनचक्र प्रणालीमार्फत शिक्षासँग आवद्ध गर्दै सुदृढ र विस्तार गरिनु पर्दछ ।
विशेष गरेर जोखिम परिस्थिति र सुविधाविहीन समुदायका बालबालिकाहरुका लागि उचित बाल स्याहार तथा शिक्षाको विस्तार र स्तरोन्नति गरिनु पर्दछ । अर्थपूर्ण र जीवनोपयोगी सीप केन्द्रित शिक्षाको विस्तार र प्रवर्द्धन गरिनु पर्दछ।
बाल अधिकारमुखी दृष्टिकोणबाट विद्यमान विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तक, तालिम सामग्रीहरु, दण्ड/हिंसा रहित शिक्षण पद्धतिहरु, शान्ति शिक्षा, अभिभावक समाज र विद्यालय व्यवस्थापन समितिमा पुनरावलोकन र परिमार्जन गरिनु पर्दछ।

# परिच्छेद १

## परिचय
## १.१ पृष्ठभूमि

बस्तुगत विवरणले समग्र रुपममा सबै क्षेत्रलाई समेटेर परिचित गरिरहेको अवस्थामा बालवालिकाको विषयबस्तुलाई प्रमुखतामा राखी र बालवालिकाको समग्र विषयलाई समेटेर जानकारीमूलक विषयवस्तु समेटिएको विवरणलाई हामी सामान्य भाषामा बाल प्रोफाईल समेत भन्न सक्छौं ।
विस्तृतमा भन्नुपर्दा वस्तुगत विवरण (Profile) भन्नाले कुनै स्थान, क्षेत्रमा रहेको जनसख्या, भौगोलिक अवस्था, समाजिक विशेषता, प्राकृतिक सम्पदा, आर्थिक अवस्था, विकासको स्थिति आदि स्पष्ट हुने आधारभूत तथ्यांक, सूचक वा आधार रेखाको विवरण रहेको दस्तावेज हो । वस्तुगत विवरणलाई नेपालीमा "पार्श्वचित्र" पनि भनिन्छ । साथै कुनै प्रशासनिक वा भौगोलिक क्षेत्र बारेको तथ्याङ्क प्राप्ती, विश्लेषण तथा प्रस्तुति गरिएको विवरणलाई पनि वस्तुगत विवरण (Profile) भन्ने गरिएको छ ।
नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । संविधानको अनुसूची ८ को स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ ।

राज्यका शासकीय प्रक्रियामा सहभागी हुने बालबालिकाको जन्मसिद्ध अधिकार हो । यो अधिकारलाई नेपालको संविधान, २०७२ ले मौलिक हकका रूपमा स्थापित गरेको छ । संविधानको भाग ३ को मौलिक हकअन्तर्गत धारा ३९ मा बालबालिकाको हकलाई व्यवस्थित गरिएको छ । धारा ३९ को उपधारा २ मा हरेक बालबालिकालाई सर्वाङ्गीण व्यक्तित्व विकासको हक र सोही धाराको उपधारा ३ मा बाल सहभागिताको हकलाई समावेश गरिएको छ । यी संवैधानिक अधिकारअनुसार बालबालिकाले विचार तथा अभिव्यक्ति प्रस्तुत गर्ने तथा संगठित हुने अधिकार राख्छन् । बालबालिकाको सहभागिताको हकलाई नेपालले सन् १९९० मा नै अनुमोदन गरिसकेको बाल अधिकार महासन्धि, १९८९ ले पनि व्यवस्था गरेको छ । अन्तर्राष्ट्रिय कानुना रूपमा मान्यताप्राप्त यस महासन्धिको पक्ष राष्ट्रका हैसियतले बालबालिकासम्बन्धी संविधानमा भएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपालले विभिन्न नीति, संरचना तथा कार्यक्रममार्फत सम्वोधन गर्ने गरेको छ । यसमध्ये बाल सहभागिताको सबाल पनि एक हो ।
संविधानले परिकल्पना गरेको राज्यको तीन तहको संरचना र संविधानतः स्थानीय तहको अधिकार एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को लक्ष्यबमोजिम स्थानीय सरकारको सेबालाई व्यवस्थित र सरोकारबालामा अपनत्वको विकास गर्ने उद्देश्यले बालभेलालाई मर्यादित थलो र जिम्मेवारयुक्त संरचनाको रुपमा अपेक्षा गरेको पाइन्छ । नेपालमा बालमैत्री स्थानीय शासनको कार्यान्वयन गर्न र गराउन अभ्यासमा रहेको बालमैत्री स्थानीय शासनसम्बन्धी राष्ट्रिय रणनीति, २०६८ मा

‘बालबालिकालाई नागरिक हैसियत प्रदान गर्दै स्थानीय तहमा बन्ने योजना, कार्यक्रम, कार्यान्वयन र त्यसको अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गराइने उल्लेख छ । त्यसका साथै ‘बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राख्ने संरचना तथा प्रक्रियाहरूमा पनि उनीहरूको संस्थागत ढंगबाटै सहभागिता सुनिश्चित गरिने’ उल्लेख छ।

स्थानीय शासन सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तह गाउँपालिका तथा नगरपालिकाले दफा २३ बमोजिम वार्षिक वा आवधिक योजना बनाउनुपर्ने र यस्तो योजना बनाउँदा सरकोरबालाको सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरिएको छ। यस्ता सरोकारबालामा बालबालिकालाई पनि ऐनको दफा २४ को उपदफा ५ ले परिकल्पना गरेको छ।

नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतिकरण प्रतिवेदनले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क, संभाव्य प्राकृतिक, भौतिक र साँस्कृतिक श्रोत साधनको तथ्याङ्कीय अभिलेख, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनलाई स्थानीय तहको कार्यक्षेत्र भनी उल्लेख गरेको छ।

## १.२ उद्देश्य

यस वस्तुगत विवरण तयारीको प्रमुख उद्देश्य गाउँपालिकाको सेवा प्रवाह तथा विकास प्रक्रियाका बालबालिका सम्वन्धि नीति नियम तयारी, योजना तथा कार्यक्रमहरु तयार गर्न अत्यावश्यक आधारभूत तथ्याङ्क, सूचना वा बालबालिका विवरणहरु आवश्य पर्ने हुन्छ। तथ्यांक तथा सूचना संकलन, विश्लेषण तथा व्यवस्थापनका न्यूनतम विषयहरुमा एकरुपता जरुरी छ । यस्का लागि स्तरीयता कायम गरी तथ्यांक संकलनका पद्धति, प्रक्रिया, औजार तथा प्रक्रियाहरु निर्धारण भएको स्तरीय ढाँचामा वस्तुगत विवरण तयारी गरी राप्ती गाउँपालिकाको बालबालिकाको गतिविधिलाई दिशानिर्देश गर्नु नै हो। यसका अन्य उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

१. संघीय शासन प्रणाली बमोजिम बालबालिका वस्तुगत विवरण तयार गर्ने कानूनी र नीतिगत आधार सहित कायान्वयनमा लैजाने।

२. स्थानीय तहको बालबालिकाको तथ्याङ्क व्यवस्थापनमा स्तरीयता कायम गरी बालबालिका वस्तुगत विवरणको स्तरीय ढाँचा, तथ्याङ्क संकलनका औजार तथा प्रक्रियाको आधारमा काम गर्ने,

३ स्थानिय तहमा बालमैत्री स्थानीय शासन कार्यान्वयनको अवस्थाको पहिचान गरि कार्यान्वयन गर्ने गराउने।

## केही आवस्यक जानकारी

## बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८

### १.१ सेवा प्रवाहसम्बन्धी सूचकहरू

क) बाल सहभागिता सम्बन्धी सूचकहरू :

१ स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरूको संस्थागत सहभागिताको संयन्त्रको विकास गरी सहभागी गराइएको हुनेछ।

२. स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व हुनेछ।

३. गाउँपालिका र नगरपालिकाको प्रत्येक वडामा बालसमूहको सञ्जाल गठन भई क्रियाशील रहेको हुनेछ।

४. जिल्ला, गाउँपालिका तथा नगरपालिका तहमा बाल क्लब सञ्जाल गठन भएको हुनेछ।

### बालअधिकार महासन्धि, १९८९ को धारा १५ को व्यवस्था

१. पक्ष राष्ट्रहरूले बालबालिकाको संगठन गर्ने र शान्तिपूर्वक भेला हुने स्वतन्त्र अधिकारको सम्मान गर्नेछन्।

२. यी अधिकारको प्रयोगमा कानुनबमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा वा सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरूको अधिकार तथा स्वतन्त्रताको संरक्षणको हितमा आवश्यक प्रतिबन्धबाहेक अन्य कुनै पनि प्रतिबन्ध लगाउन पाइने छैन।

बालभेला बालबालिकाको संगठन स्वतन्त्रता र सहभागिताको अधिकारलाई सुनिश्चित गर्ने संयुक्त औजारका रुपमा रूपमा बुझ्दा यी दुवै एकअर्काका परिपूरक देखिन्छन् । संगठन स्वतन्त्रताले बालबालिकाको स्वतन्त्र र सचेत तथा संगठित प्रतिनिधित्व र सहभागितालाई सुनिश्चित गर्दछ भने सहभागिताले अधिकारको सम्मान र सुनिश्चितताको उपादेयता पुष्टि गर्दछ । संगठन स्वतन्त्रता र सहभागितालाई बालबालिकाको नागरिक अधिकारको रूपमा अध्ययन गर्दा यसले बालबालिकाका निम्ति चार प्रमुख अवसर सिर्जना गर्ने देखिन्छ।

(क) नागरिक हैसियत र संलग्नता : बालभेलाले बालबालिकासम्बन्धी सामुदायिक कार्य, सेवा तथा साथी शिक्षालगायत बालअधिकार र सरोकारका सबालमा सामाजिक अभियन्ताका रूपमा संगठित र सक्रिय हुने अवसर प्राप्त गर्दछन्।

(ख) सार्वजनिक निर्णयलाई प्रभावित पार्ने अवसर : बालभेलाले लोकतान्त्रिक शासन प्रणालीमा संगठित रुपमा विचारको प्रतिनिधित्वलाई मान्यता दिन सहयोग पुग्दछ। बालभेला बालबालिकाको सार्वजनिक निर्णय र सरोकारका विषयमा आफ्ना भनाइ राख्ने उपयुक्त थलो हो।

(ग) सामूहिक नेतृत्व प्रणाली स्थापित : बालबालिका स्थायी रूपमा वा कुनै विशेष उद्देश्यले शान्तिपूर्ण भेला हुनु र सामूहिक संस्था वा समूह स्थापना गर्नु उनीहरूको अधिकारको विषय हो । यसबाट

बालबालिकालाई एकआपसमा सहमत भई आफ्नै पहिचानसहितको समूह खडा गर्ने स्वतन्त्रता प्रदान गर्दछ। यस्तो प्रयास वयस्कको भन्दा बिलकुलै फरक हुन्छ।

यस्तो अभ्यासले उनीहरूको सामूहिक प्रतिनिधित्वलाई स्वीकार्य बनाउनुका साथै सामूहिक कर्तव्य, जिम्मेवारी, उत्तरदायित्वका बारेमा पनि उनीहरुलाई सचेत गर्दछ।

(घ) लोकतान्त्रिक पद्धति तथा संगठन क्षमताको विकास : बालभेलाले उनीहरूलाई केवल संगठित शक्ति र प्रभावको प्रयोग मात्र गर्न सिकाउँदैन बरु जिम्मेवारीपूर्वक समन्वय गर्न, संगठन व्यवस्थापनका सीप सिक्न र त्यसअनुरूप आफूलाई विकास गर्न मद्दत गर्दछ। तसर्थ बालभेला बालबालिकाको संगठन स्वतन्त्रता, बालबालिकाका लागि अनुशासन, एकता, विविधताको सम्मान र व्यवस्थापनका सबालमा सामूहिकीकरण र फरक मतको संरक्षण र सम्मान गर्ने सिकाउने शान्तिपूर्ण लोकतान्त्रिक अभ्यासको मञ्च हुन सक्दछ।

बालभेलाले बालबालिकालाई राजनीतीमा पहिचान र सामाजिक सम्मान प्रदान गर्न मद्दत पुऱ्याउँछ। साथै, सामाजिक शक्ति संरचनामा शक्ति सन्तुलन, अल्पसंख्यक समुदायको पहिचान र असल साँस्कृतिक अभ्यासको संरक्षण र सम्वर्द्धन गर्ने अवसर पनि प्रदान गर्दछ।

(ङ) बालबालिकाको सञ्चारमाध्यममा सक्रियताः बालभेलामार्फत बालबालिकाले आफ्ना विचार र दृष्टिकोणलाई व्यवस्थित र स्वीकार्य रुपमा सञ्चारमाध्यमबाट प्रस्फुटन गर्न र आमनागरिक, नीति निर्माता तथा जिम्मेवार अग्रजसम्म पुऱ्याउन सक्दछन्। एक्लाएक्लै बालबालिकाले यस्ता अवसर कमै मात्रामा पाउन सक्छन् र त्यसको स्वीकार्यता पनि कम हुन्छ।

(च) स्थानीय सरकारलाई सहयोग : स्थानीय तहको योजना छान्ने प्रक्रियाले बालबालिकालाई मात्र नभएर स्थानीय सरकारलाई पनि सहयोग पुग्छ।

१. बालभेलामा बालबालिकाका सबाल निर्धारण भई प्राथमिकतासाथ आउँछन्।
२. बालबालिकाका सम्बोधन गर्नुपर्ने विषय/सबालहरू समावेश गरिएको लिखित प्रतिवेदन सेवाप्रदायकले प्राप्त गर्न सक्छन्।
३. बालभेलाबाट बालबालिकासम्बन्धी योजना प्राथमिकतासहित प्राप्त हुन्छ।
४. यही प्राथमिकता लिएर बालबालिका स्थानीय निर्णय प्रक्रियासम्बन्धी बैठक, गोष्ठीमा जाने र आफ्ना विषयवस्तु प्रभावकारी रूपमा राख्न सक्ने हुन्छन्।
५. सहभागितामूलक योजना तर्जुमा प्रक्रिया सुदृढ हुन्छ र बालबालिकाका सबालको उचित सम्बोधन हुन्छ।
६. गाउँपालिकाको योजनावद्ध विकास प्रणाली स्थापित गर्दै नतिजामा आधारित अनुगमन पद्धति कायम गर्न।

## १.४ बाल प्रोफाईल तयारीका चरण

बाल प्रोफाईल निर्माण गर्ने निर्णय तथा कार्यक्रमको आधारमा राप्ती गाउँपालिकाको बाल प्रोफाईल चरणबद्ध, व्यवस्थित र सहभागितामूलक रुपमा तयार तयार गरिएको छ । यस कार्य गर्न निम्न चरणहरु प्रयोग भएका छन् जुन देहायअनुसार रहेका छन् ।

## १.४.१ वस्तुगत विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी (प्रथम चरण)

राप्ती गाउँपालिकोको बाल प्रोफाईल तयारीको लागि किन, कसरी, कहिले र कसले गर्ने भनि सवै तहगत प्रक्रिया निर्धारण गर्न गाउँपालिका कार्यपालिकामा छलफल गरियो । छलफलवाट गाउँपालिकाको वस्तुगत विवरण तयार गर्ने विषयमा गाउँपालिका क्षेत्रको बालबालिकाको विवरण उनिहरु बस्ने भौगोलिक अवस्था, जनसंख्या, सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक, वातावरणीय र संस्थागत वस्तुस्थिति झल्कने र भौगोलिक (वडा) तथा सामाजिक (लैंङ्गीक र जातिगत) रुपमा खण्डीकृत विवरण खुल्ने गरी तथ्याङ्क संकलन गर्ने निर्णय गरियो ।

गाउँपालिकाको वार्षिक स्वीकृत वजेट तथा महिला तथा बालबालिका शाखाको कार्यक्रमको परिधिभित्र रही, कार्यविधिको आधारमा राप्ती गाउँपालिकोको बाल विवरण तयारीको लागि स्वीकृत ढाँचा, औजारहरुको प्रयोग तथा कार्यविधि तयारी गरी सम्पूर्ण जिम्मेवारी सहित सम्झौता गरियो । जसमा गाउँपालिकाले वस्तुगत विवरण तयारीको लागि कार्यविधिको अनुसूची २ बमोजिमको स्तरीय ढाँचा, अनुसूची ३ (क) र (ख) बमोजिमको तथ्याङ्क संकलन फाराम र यस कार्यविधिमा उल्लिखित प्रक्रिया गाउँ कार्यपालिकाले स्वीकृत गर्ने निर्णय भयो । यसमा वस्तुगत विवरणको कानूनी तथा नीतिगत आधार, तयारी गोष्ठि, तथ्याङ्क संकलन, भण्डारण, प्रशोधन, विश्लेषण, प्रमाणीकरण कार्यशाला र अन्तिम प्रतिवेदन प्रकाशनका कार्यहरु समावेश गर्ने समेत निर्णय भयो ।

## १.४.२ वस्तुगत विवरण तयारी कार्यशाला (द्वितिय चरण)

बाल प्रोफाईल तयारीको लागि गाउँपालिकाले कार्यपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारबालाहरु बीच वस्तुगत विवरणको स्तरीय ढाँचा, औजार, तथा कार्यविधिमा छलफल गर्न र तथ्याङ्कको स्रोत तथा तयारी विधिबारे साझा धारणा, बुझाई र अपनत्व कायम गर्न १ दिनको सवै सरोकारबालाहरुको भेला गरी कार्यशाला संचालन गरियो । संझौताको आधारमा गाउँपालिका स्तरीय सरोकारबाला भेला गराई वस्तुगत विवरण तयारीको लागि समितिको जिम्मेवारी कार्यपालिका नै हुने निर्णय भयो । सोही अनुरुप वस्तुगत विवरण तयारीको लागि आवश्यक प्रक्रियाहरुको विषयमा सवै सरोकारबालाहरुलाई जानकारी गराउने कार्य सम्पन्न भयो ।

गाउँपालिका क्षेत्रको भौगोलिक अवस्था, जनसंख्या, सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक, वातावरणीय र संस्थागत वस्तुस्थिति झल्कने र भौगोलिक (वडा) तथा सामाजिक (लैंङ्गिक र जातीगत) रुपमा खण्डीकृत विवरण खुल्ने गरी बाल विवरणको प्रस्तुत गर्‍यो । उक्त विषयवस्तुमा विस्तृत छलफल गरी वस्तुगत विवरणको प्रक्रिया अगाडि वढाउनका कार्यतालिका सहित कार्यशालावाट स्वीकृत भयो ।

साथै यस भेलामा तथ्यांक संकलनको लागि सूचकका पहिचान र प्रश्नावली तयारी र अन्तिम रुप दिने कार्य सम्पन्न भयो । वैठकले स्थानीय तथ्यांक संकलकहरुको छनौंट गर्ने जिम्मेवारी स्थानीय वडा समितिलाई जिम्मेवारी दिईयो र तालिमको लागि तिथि मिति तयारी गरी गर्ने कार्य सम्पन्न गरियो । यस कार्यशालामा गाउँ पालिकाका प्रमुख, उपप्रमुख, र पदाधिकारीहरु, गाउँसभाको पदाधिकारीहरु, प्रशासकिय अधिकृत, वडा सचिवहरु, विषयगत कार्यालयका प्रतिनिधिहरु, कर्मचारी सवैको उपस्थिति रहेको थियो ।

## १.४.३ सहजकर्ता तथा गणक छनोट अभिमुखीकरण र परिचालन

राप्ती गाउँपालिकाको बाल प्रोफाईल तयारीका लागि वडा कार्यालयहरुलाई जिम्मेवारी प्रदान गरियो । राप्ती गाउँपालिकाको तथ्यांक तथा सूचनाहरु संकलनका लागि कार्यविधिको आधारमा वस्तुगत विवरण तयारीसँग सम्वन्धित विषयवस्तुमा प्रारम्भिक छलफलको लागि वैठकको आयोजना गरेको थियो । छलफलमा कार्यक्रमको प्रक्रियागत विषयमा छलफल गरी विभिन्न निर्णयहरु भए । जसमा गणकहरु स्थानीय वडावाट छनौंट गर्ने र छनौंटको जिम्मेवारी स्थानीय वडा समितिलाई दिईको थियो । जिम्मेवारी अनुसार सवै वडा कार्यालयवाट गणकहरुको छनोट गरी अभिमुखिकरण गरियो ।

## १.४.४ तथ्याङ्क संकलन (तेस्रो चरण)

राप्ती गाउँपालिकाको बाल प्रोफाईल तयारीका लागि तथ्यांक तथा सूचना संकलनको कार्य निम्न चरणमा संचालन भयो ।

### क. घरधुरी स्तरको तथ्यांक संकलन

तालिम प्राप्त तथ्यांक संकलनहरुलाई आफ्नो आफ्नो वडाहरुको तथ्यांक तथा सूचना संकलनको कार्य निर्धारीत समयमा काम सम्पन्न गर्ने गरी सम्पूर्ण जिम्मेवारी दिई वडा वडामा पठाईयो । जिम्मेवारी अनुसार सवै वडाहरुको तथ्यांक संकलकहरुले तथ्यांक संकलनको कार्य मिति २०७६ जेष्ठ मसान्त सम्ममा सम्पन्न गरेका थिए ।

### ख. समुदाय र वडा स्तर

समुदाय र वडा स्तरको सूचना संकलनको लागि आवश्यक विभिन्न तथ्यांक संकलन फारमहरु सवै समुदाय र वडा स्तरको तथ्यांक तथा सूचनाहरुको संकलनको कार्य तथा वडागत तथ्यांक संकलकहरुको अनुगमन नियमित रुपमा गर्ने जिम्मेवारीको बाडफाड गरियो ।

### ग. द्धितीय श्रोतवाट सूचना संकलन

राप्ती गाउँपलिकाको बाल प्रोफाईल तयारीको लागि आवश्यक पर्ने द्धितीय श्रोतवाट लिईएका सूचनाहरु राष्ट्रिय जनगणना २०६८, विषयगत कार्यालयका विगत वर्षका प्रतिवेदनहरु र साविक गाउँपालिकाहरु ( सिसहनिया, लालमटिया र हाँसिपुरको वस्तुगत विवरण तथा नामसालीङ संस्थाले निर्माण गरेको राप्ती गाउँपालिकाको बस्तुगत विवरण प्रोफाईल २०७५ वाट संकलन गरी समावेश गरिएको छ ।

## १.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र श्रोत नक्शा तयारी (चौथौ चरण)

बाल प्रोफाईलका लागि तथ्याङ्कहरुको विश्लेषण, बिषयगत समायोजन तथा सफ्टवेयर तालिकीकरण एक महत्वपूर्ण चरण हो । गाउँपालिका भित्रको प्राप्त वडागत रुपमा संकलित पारिवारिक तथ्याङ्क तथा

सूचनाहरुको समायोजन सफ्टवेयर मार्फत तालिकीकरण गरिएको छ । साथै सवै तथ्यांकहरु गाउँपालिकालाई आवश्यक पर्ने सूचनाको विशेषताका आधारमा वर्गिकरण, प्रशोधन तथा समायोजन गरिएको छ । तथ्यांक तथा सूचनाहरु खण्डिकृत गरी विषयगत रुपमा समायोजन गरी तालिकीकरण गरिएको छ ।

### १.४.६ बाल प्रोफाईल को मस्यौदा तयारी (पाचौं चरण)

यस राप्ती गाउँपालिकोको समायोजन गरी वडावाट प्रामाणिकरण भै आएको तथ्यांकहरु तथा सूचनालाई बाल प्रोफाईलअनुसारको ढाँचामा मस्यौंदा बाल प्रोफाईल तयार गरियो । सवै सूचनाहरु खण्डिकृत गरी विषयगत आधारमा खण्ड तथा उपखण्ड प्रस्तुत गरी छलफलको लागि मस्यौदाको रुपमा तयारी गरियो ।

### १.४.७ बाल प्रोफाईल सुझाव संकलन (छैटौं चरण)

निर्धारित ढाँचामा तयारी मस्यौंदाको वस्तुगत विवरण माथि छलफल तथा प्रामाणिकरणको लागि कार्यक्रमको आयोजना गरियो । छुटेका, स्पष्ट नभएका विषयहरुमा राय सल्लाह तथा सुझावहरु संकलन भयो । संकलित सुझावहरुको आधारमा राप्ती गाउँपालिकाको बाल प्रोफाईल तयारीको अन्तिम रुप दिने निर्णय गरियो । साथै उक्त बाल प्रोफाईल  आधार लिएर राप्ती गाउँपालिकाले आगामी कार्यहरु अगाडि वढाउने प्रतिवद्धता समेत भयो ।

### १.४.८ बाल प्रोफाईल विवरण अन्तिम प्रतिवेदन तयारी (सातौं चरण)

राप्ती गाउँपालिकाको मस्यौदा बाल प्रोफाईल तयारीमाथि छलफलका क्रममा उठेका सबाल र सवै सुझावहरुलाई समावेस गरी यस बाल प्रोफाईल पुस्तिका प्रकाशन भएको छ । यसका आधारमा तयार हुने एकीकृत योजनाहरुलाई कार्यान्वयन पक्षमा लैजानका लागि जिल्ला तथा स्थानीय सरकारी र गैर सरकारी संघ संस्थाहरु, जिल्ला स्थित महिला बालबालिकासंग सम्वन्धित कार्यालयहरु, सम्वन्धित प्रदेश, सम्वन्धित मन्त्रालय, राष्ट्रिय योजना आयोगमा समेत पठाईने छ ।

## १.५ वस्तुगत विवरणको सीमा

बाल प्रोफाईलमा यस राप्ती गाउँपालिकाको वस्तुगत विवरण चरणबद्ध, व्यवस्थित र सहभागितामूलक रुपमा तयार तयार गरिएको छ । यसमा वस्तुगत विवरण तयारी कार्यविधिको मर्म अनुसार तयार गर्ने जिम्मेवारी महिला तथा बालबालिका शाखा लाई  दिईएको हो ।

यस बाल प्रोफाईल तयारीको केही सीमाहरु निम्नानुसार छन्

- मुलुकको नयाँ पुनर्सरचना अनुसार समायोजन भई ठूलो भौगोलिक क्षेत्रलाई समेटिएको कारण सवै क्षेत्रमा विज्ञ टोली परिचालन हुन नसक्नु
- छोटो समयमा धेरै प्रक्रियाहरु समेटेर यो गाउँपालिकाको बाल प्रोफाईल तयार गर्नुपर्ने वाध्यात्मक अवस्था हुँदा असहज हुनु ।

# परिच्छेद २
# राप्ती गाउँपालिकाको चिनारी

## २.१ भौगोलिक अवस्थिति

नेपालको मध्य पश्चिम क्षेत्रमा रहेका दाङ जिल्लाको पूर्वीभागमा अवस्थित राप्ती गाउँपालिका भित्री मधेश तथा चुरे क्षेत्रमा अवस्थित छ । राप्ती गाउँपालिका साविकमा भएका २ वटा गाउँविकास समितिहरु लालमटिया र सिसहनियाको सबै भाग तथा हाँसिपुर गाउँविकास समिति साविक वडा नं १ र २ वडालाई पुनर्सरचना गरी हाल ९ वटा वडामा पुनर्सरचनामा गरिएको छ । हाल यसको प्रशासनिक केन्द्र मसुरियामा राखिएको छ । यो गाउँपालिका २७ डिग्री ४९ मिनेट ५ सेकेण्ड देखि २७ डिग्रि ५५ मिनेट १५ सेकेण्ड उत्तरी अक्षांश सम्म र ८२ डिग्रि ३६ मिनेट ८ सेकेण्डदेखि ८२ डिग्रि ४८ मिनेट २६ सेकेण्ड पूर्वी देशान्तरमा रहेको छ ।

कूल क्षेत्रफल १६१ वर्गकिलोमिटर रहेको छ । यस गाउँपालिकाको पूर्वमा राप्ती नदीपारी अर्घाखाँची जिल्ला र दक्षिणमा राप्ती नदी तथा गढवा गाउँपालिका, उत्तरमा घोसखोला र वंगलाचुली गाउँपालिका तथा पश्चिममा लमही नगरपालिका पर्दछ । यस गाउँपालिकाको वीचवाट करीव १५ किलोमिटर पूर्वपश्चिम राजमार्ग पर्दछ । यो गाउँपालिकाको धेरै क्षेत्रफल समथर तथा सिंचाई सुविधा भएको कारण अति उर्वर समेत भएकाले कृषि खेती तथा तरकारी बालीको लागि राम्रो संभावना छ । यस गाउँपालिका क्षेत्रमा व्राम्ह्ण क्षेत्री, ठकुरी, मगर, थारु, दलित, कूमाल, दशनामी, गुरुङ, गुप्ता, मुस्लिम लगायतको वसोवास रहेको छ ।

## २.२ ऐतिहासिक चिनारी तथा नामकरण

राप्ती गाउँपालिका दाङ जिल्लाको सुदूरपूर्वी क्षेत्रमा रहेको गाउँपालिका हो । नेपालको संघीय शासन प्रणाली अर्न्तगत राज्य पुर्नसंरचनामा स्थानीय तहको नयाँ  सीमांकन गर्दा यो गाउँपालिका साविकका ३ वटा गाविसहरुमाबाट रुपान्तरण भई स्थापना भएको हो । यो गाउँपालिका जातिगत तथा सांस्कृतिरुपमा बिशिष्टता र बिविधता वोकेको गाउँपालिका हो । आदिबासी थारु, मगर र क्षेत्री वाम्ह्णहरुको समेत यस गाउँपालिकमा बसोबास रहेको छ । यस गाउँपालिकाको पूर्वी तथा दक्षिणी भागवाट समग्र देउखुरीकै सम्पत्ति, प्रमुख ऐतिहासिक श्रोतको रुपमा रहेको र समुन्नत कृषि प्रणालीको आधार राप्ती नदीले यस गाउँपालिकालाई चिनाएको छ ।

### २.२.१ नामकरण

राप्ती गाउँपालिको नामकरण सम्बन्धमा रहेको धारणा अनुसार यो क्षेत्र देउखुरी उपत्यकाको जलभण्डारको रुपमा रहेको राप्ती नदीको सिंचित भूमि हो । यहाँ राप्ती र यसका सहायक नदीहरु पूर्ववाट क्रमशः पश्चिम तर्फ वहेको छ । यस क्षेत्र भएर राप्ती नदी वहने हुनाले आदिकालदेखि यस क्षेत्रलाई राप्ती क्षेत्र नै भनिदै आएको हो । त्यसैले हाल राज्य पुनर्सरचनामा यस गाउँपालिकाको नाम राप्ती राखिएको हो ।

## २.३ राजनीतिक अवस्थिति

राजनैतिक विभाजनको आधारमा दाङ जिल्लाको निर्वाचन क्षेत्र न १ (क) अर्न्तगत पर्ने राप्ती गाउँपालिका जम्मा ९ वटा वडाहरुमा विभाजन भएको छ । साविकको २ वटा गाउँविकास समितिहरु सिसहनिया र लालमटियाको सवै साविकका वडाहरु र हाँसिपुरको २ वटा वडाहरुलाई पुनर्सरचनामा गरी राप्ती गाउँपालिका कायम गरिएको छ । यस गाउँपालिकाको केन्द्र वडा न. ३ को मसुरीयामा रहेको छ ।

### गाउँपालिकाको हालको राजनीतिक विभाजन

| वडा नं. | समावेश भएको गाविस | साविक वडा नं. | क्षेत्रफल |
|---|---|---|---|
| १ | लालमटिया | ३ | २२.७ |
| २ | लालमटिया | ४ र ७ | २३.९ |
| ३ | लालमटिया | १, २ र ८ | ९ |
| ४ | लालमटिया | ५, ६ र ९ | १५.८ |
| ५ | सिसहनिया | ५ र ७ | ४२.२ |
| ६ | सिसहनिया | ८ र ९ | ९ |
| ७ | सिसहनिया | १, २ र ३ | ८.३ |
| ८ | सिसहनिया | ४ र ६ | ९.२ |
| ९ | हाँसीपुर | १ र २ | २१.६ |
| जम्मा | | | १६१.६ |

## २.४ धरातलीय अवस्था

यो राप्ती गाउँपालिका भित्री मधेश, चुरीया क्षेत्र हुदै महाभारत पहाडसम्म फैलिएकोले यहाँको भौगोलिक स्वरुपमा समेत विविधता पाईन्छ । यहाँ उत्पन्न भएका खोला तथा खोल्सीहरु क्रमशः उत्तरबाट दक्षिणतर्फ विभिन्न जलाधारमार्फत राप्ती नदीमा मिसिन्छ । यस गाउँपालिकाका अधिकांश क्षेत्र चुरे भूभाग अर्न्तगत पर्दछन् । यस गाउँपालिकाको वडा नं. २, ४, ३, ६, ७ र ८ वडाहरु समथर जमिन पर्दछ । अन्य वडाहरु होचो चुरे क्षेत्रभित्र अवस्थित छन् । राप्ती नदीको किनार सिंचाईको सुविधा भएको भागहरु कृषिको लागि महत्वपूर्ण रहेको छ । भौगोलिक विविधताले गर्दा यहा पाईने वनस्पति तथा जैविक विविधतामा समेत एकरुपता देखिदैन । यस राप्ती गाउँपालिकाको भौगोलिक अवस्थति अनुसार क्रमश दक्षिणी तथा पूर्वी मोहडा क्षेत्रबाट उत्तरतर्फ भिरालोपना बढ्दै गएको छ ।

## २.५ प्राकृतिक सम्पदा

राप्ती गाउँपालिकाको प्राकृतिक सम्पदाहरुमा यहाँको उर्बरायुक्त माटो, वनस्पति, नदी र नदीजन्य उत्पादन, खानी आदि रहेका छन् । यहाँ रहेका सरकारी, निजी र सामुदायिक वनहरुमा भौगोलिक स्वरुप अनुसार जैविक विविधतामा पनि फरकपना रहेको छ । चुरे तथा भित्री मधेशसँग जोडिएको भूभागहरुमा

कडा काठ तथा निम्नपहाडी क्षेत्रहरुमा नरम काठका रुखहरु पाईन्छ। जैविक विविधताले सम्पन्न राप्ती सामुदायिक वन क्षेत्र यसै गाउँपालिका अर्न्तगत पर्दछ। यसैगरी राप्ती नदीमा रहेको पानी, ढुङ्गा, बालुवा जस्ता नदीजन्य उत्पादन पनि यस गाउँपालिकाको प्राकृतिक स्रोतको रुपका रहेको छ। साना सिमसार क्षेत्र पनि यस गाउँपालिका रहेको छ। सागसब्जी खेती तथा अन्य नगदेबाली प्रवर्द्धनको लागि उर्बरयुक्त माटो यस गाउँपालिकाभित्र रहेको छ। प्राकृतिक रुपमा रहेको पर्यटन क्षेत्र र होचा श्रृङ्खलावद्ध पहाडहरु यहाँको महत्वपूर्ण सम्पत्तिको रुपमा रहेको छ।

## २.६ सास्कृतिक उत्कृष्टता

विभिन्न धर्म सम्प्रदायमा आस्था एवंम विश्वास प्रकट गर्ने भिन्न भिन्न जातजातिको वसोबास रहेको यस राप्ती गाउँपालिकाक्षेत्र सांस्कृतिक रुपमा समेत विविधता पाईन्छ।। ब्राम्ह्ण, क्षेत्री, थारु, मगर, दलित, मुस्लिम समुदायको मिश्रित बसोबास रहेको यो गाउँपालिकामा जातीय मौलिक परम्परा अनुसारको संस्कृति अपनाउने गरिएको छ। थारु जातीहरुको ऐतिहासिक थलोको रुपमा यो गाउँपालिका रहेको छ। यस गाउँपालिकाका कतिपय स्थानहरुको नामावली समेत थारु भाषाबाट राखिएको छ। जाति विशेषअनुसार मनाईने हिन्दूहरुको दशै तिहार, मुस्लिम हरुको रमजान, इद, थारुहरुको माघी, गुरी, अष्टमकी र अन्य तिथि अनुसारका चाडपर्वहरु पनि मनाइने गरेको छ। यी चाडपर्व मनाउने क्रममा सांस्कृतिक पहिरन समेत लगाउने गरिएको पाईन्छ। यस गाउँपालिका क्षेत्रमा लाग्ने माघेसंक्रान्ति मेला, शिवरात्री भेला, प्रकृति पूजा, कालरात्री मेला, श्रीपंञ्चमी मेला, पूर्णिमा मेला यहाँको प्रमुख सास्कृतिक उत्कृष्टता हुन्

## २.७ राप्ती विकासका संभावनाहरु

समग्र राप्ती गाउँपालिका विभिन्न पक्षलाई समेटेर अध्ययन गर्दा विकासका संभावनाहरु निम्नानुसार रहेको छन्। यस संभावनाहरुलाई योजनावद्ध ढंगले काम गर्दा गाउँपालिका क्षेत्रको विकासमा ठूलो योगदान हुने छ। जुन निम्नानुसार रहेको छ। सवै वुदाहरुको विस्तृत विवरण यस वस्तुगत विवरणमा समेटिएको छ।
जस अन्तरगत कृषि तथा सिंचाई, मौरी पालन, दूध उत्पादन ,व्यबसायिक बाख्रापालन, सामुदायिक वन सम्पदा, जडिवुटी, प्राकृतिक श्रोतहरु (जल, वनजंगल), सघन बाली उत्पादन पकेट क्षेत्र, धार्मिक पर्यटन, सास्कृति पर्यटन (र्‍याफटिङ्ग),व्यापारिक केन्द्र उत्तरी पहाडी जिल्लाहरुको प्रवेशद्वार, प्राविधिक शिक्षालय भएकोले (हव) पूर्व पश्चिम राजमार्ग समेटिएको छ।

## २.८ ग्रार्हस्थ उत्पादन

राप्ती गाउँपालिका मुख्यता कृषि पशुपालनमा आधारित अर्थतन्त्र तथा भएको गाउँपालिका हो। यहाँको अधिकांश जनसंख्याको जीविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषि, पशुपालन तथा व्यापार व्यवसाय नै रहेको देखिन्छ। यस गाउँपालिकाको अर्थतन्त्रमा व्यवसायिक रुपमा खेती गरिएका खाद्यन्न

लगायतका नगदेबाली, पशुपालन, दूध उत्पादन, मह, तोरी वन आदिले मुख्य योगदान पुऱ्याउदै आएको देखिन्छ ।

यसका साथै आर्थिक अवस्थालाई यिनै क्षेत्रको उत्पादन, गैह कृषिजन्य उत्पादन, सेवा, व्यापार तथा बैदेशिक रोजगारी जस्ता आर्थिक क्षेत्रलाई योगदान गर्ने आर्थिक संरचना, कुल ग्रार्हस्थ उत्पादन, निर्यातको अवस्थालाई विश्लेषण गरिएको छ ।

कुल गार्हस्थ उत्पादन (Gross Domestic Product-GDP) र प्रति व्यक्ति कुल ग्रार्हस्थ उत्पादन ( Per Capita Gross Domestic Product) लाई आर्थिक विकासको महत्वपूर्ण सूचकका रुपमा लिइदै आएको छ । कुल ग्रार्हस्थ उत्पादन विश्लेषणका लागि उत्पादन विधि, आय विधि तथा खर्च विधिको प्रयोग गर्ने प्रचलन रहेको छ ।

उत्पादन विधिमा साधनको लागत मूल्य (Factor cost) तथा उत्पादन मूल्य ( Production Price) को विधि अपनाउने गरिन्छ । आय विधिमा हरेक नागरिकको वार्षिक आम्दानीको गणना गरिन्छ भने खर्च विधिमा हरेक व्यक्तिले १ वर्ष अवधिमा गर्ने कुल खर्चलाई आधार मान्ने गरिन्छ । जसअनुसार दाङको/राप्तीको प्रतिव्यक्ति कुल ग्रार्हस्थ उत्पादन ७७६ अमेरिकी डलर रहेको देखिन्छ ।

खानी तथा उत्खनन्, रियल स्टेट तथा व्यवसायिक सेवा र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा लगायत सूचकका अन्य क्षेत्रको व्यवस्थित अभिलेखीकरण अध्यावधिक नपाइएकाले कुल ग्रार्ह्स्थ उत्पादन यो भन्दा बढी हुन सक्ने अनुमान गरिएको छ ।



राप्ती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भवन

## २.९ मानव विकास सूचकाङ्क

समग्र नेपालको मानव विकास सूचकाङ्क ०.४९० रहेको देखिन्छ भने दाङ्ग जिल्लाको ०.४८५ (Arithmetic Meafn) तथा ०.५३७ (Geometric र meafn) देखिन्छ। राप्ती गाउँपालिकाको पनि समग्र जिल्लाकै मानव विकास सूचकाङ्कले प्रतिनिधित्व गर्दछ। यहाको औषत आयु ६७.३३ बर्ष रहेको छ।

| सूचकाङ्कहरु सूचक | विवरण |
|---|---|
| आर्थिक रुपले संकृय जनसंख्या जिल्ला | ६६.८ प्रतिशत |
| नेपालको मानव विकास सूचकाङ्क | ०.४९० |
| दाङ्ग जिल्लाको मानव विकास सूचकाङ्क | ०.४८५(ArithmeticMeafn)०.५३७(Geometric meafn) |
| औषत आयु दाङ | ६७.३३ |
| बिद्यालय जाने औषत उमेर | ३.८३ बर्ष |
| प्रतिव्यक्ति आय (नेपालको) PPP डलर | ११६० |
| प्रतिव्यक्ति आय ( जिल्ला/ दाङ ) PPP डलर | ११२७ |
| Humafn Poverty index (HPI) (नेपाल) | ३१.१२ |
| Humafn Poverty index (HPI) -मध्यपश्चिम) | २९.२२ |
| Humafn Poverty index (HPI) (दाङ /राप्ती) | २६.९६ |
| Per Capita Gross National income -नेपाल) | ७१८ डलर |
| Per Capita Gross National income - दाङ /राप्ती) | ७८० डलर |
| जनसंख्या बृद्धि दर दाङ जिल्ला | १.७८ |
| प्रजनन दर | २.६ |
| गरिवीको दर दाङ जिल्ला | २५.०५ |
| गरिवीको बिषमता दाङ जिल्ला | ५.९ |
| गरिवीको गहता दाङ जिल्ला | २.०३ |

## राप्ती गाउँपालिका गाउँकार्यपालिकाको सबैमा अनुरोध।

घर आँगन सफा राखौं। वातावरण सफा राख्न रुख रोपौं। फोहर सहि स्थानमा ब्यवस्थापन गरौं।
छोरा छोरी दुबैलाई समान माया र शिक्षा प्रदान गरौं।
गाउँपालिकाको हरेक विकास कार्यमा चासो राखौं, गुणस्तरीय र पारदर्शी काम गरौं गराऔं।
लागुपदार्थ जन्य खानेकुरा नखाऔं।
सूचना र प्रविधिको भरपुर प्रयोग गरौं। रेडियो टिभि सुनौं र हेरौं।

## परिच्छेद ३
## पारिवारिक विवरण तथा जनसंख्याको अवस्था
## वस्ती र घरपरिवार विवरण

**राप्ती गाउँपालिकामा जम्मा ९ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकाका वडाहरुको जनसंख्या तथा घरपरिवारहरुको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं १ र २ मा रहेको छ । त्यस्तै सबैभन्दा थोरै घरधुरी वडा न. ९ मा रहेको छ । वडागत वस्ती तथा घरपरिवार विवरण तल तालिकामा दिइएको छ ।**

### वडागत वस्ती तथा घरपरिवार विवरण

| वडा नं. | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | मुख्य वस्तीहरु तथा टोलहरु |
|---|---|---|---|
| १ | १६१० | ८०५६ | शान्तिपुर (चैते) बगाहासोती, भालुवाङ, मच्छिताल हनुमान गढि, पुल्चोक, शान्तिपुर, गौतम वुद्ध टोल, आपखोली, पाखापानी (बिहानी टोल), सिदेश्बरी टोल, नमुना टोल, रातोडाडा |
| २ | १३९३ | ७०९८ | रामनगर, पुर्वि राम नगर, बाहुनीपाटा, स्यानिघोष, बराखुटि एकता नगर, बराखुटि, कठाहा हाईबे पश्चिम, लालमटिया पूर्व, बराखुटि,सहकारी गल्ली, बराखुटि हाईबे पूर्व, बराखुटि हाईबे पश्चिम, सहकारी विच गल्ली, मुत्तिनगर  नयाँबस्ती, कालीका टोल, लालमटिया टोल |
| ३ | १३६४ | ७०७० | खुरुरिया, बागढड्डी, बसन्तापुर, आर्दश टोल (मसुरीया), आचार्य टोल (मसुरीया), बड्का टोल  (मसुरीया),छुट्की टोल (मसुरीया), उत्तर मसुरीया ,चौधघरे (मसुरिया), नयाँबस्ती (मसुरिया), पैसट्ठी नम्वर |
| ४ | १२७८ | ६४९७ | मझनिगढ, सिमलखुटटी बुढीचौर, पिपरखुटि, गोपिनाला मौरीघाट, चतुरुवा मौरिघाट, शिब मन्दिर मौरिघाट, मौरीघाट, जनकपुर मौरिघाट, नयागाउँ, सुन्दरपुर, उत्तर खिनैटा, खिनैटा, दक्षिण खिनैटा |
| ५ | ११६७ | ६२९२ | लठ्ठहवा, करङ्गेकोट, सिसहनिया(कमलरोड), प्रगतीनगर(प्रगतीशील), पहरुवा, कालापानी, सिङ्गे, थकरीकोट, भुल्के |
| ६ | ९४१ | ५४५२ | बगरापुर, सगरापुर, भगवानपुर, मझेरिया, पत्थरगढवा |
| ७ | ९२४ | ५३५५ | भानपुर, अर्नाहनपुर, जितपुर, छोड्की सिसहनिया, बड्का सिसहनिया, जगपुर |
| ८ | १०४९ | ५७६३ | पिपरी, पिपरा, विजौरी, कोहलवा ( शंकरटोल, बुद्ध टोल, ईन्द्रिनी टोल, सगरमाथा टोल, शान्ति टोल ) |
| ९ | ३१३ | १९०५ | देविकोट, रुपाकोट, छुचुन्द्रे, चन्दौली, बरडाँडा, तल्लो घोसखोला, सोतीटोल, सल्ले |
| जम्मा | १००३९ | ५३४८८ | हाल टोल विकास संस्थाको विकास भएकोले कहि कतै टोलविकासको नामबाट गाउँको नामाकरण गरिए पनि चलन चल्तीमा पुरानै गाउँको नामवाट लेख्ने र बोल्ने गरिन्छ । |

## जनसंख्या वितरणको अवस्था

**यस गाउँपालिकामा जम्मा १० हजार ३९ घरधुरी रहेको छ भने जम्मा जनसंख्या ५३ हजार ४ सय ८८ रहेको छ । जनअनुसार पुरुष ५०. ९५ प्रतिशत र महिला ४९. ०५ प्रतिशत रहेको छ । त्यसैगरी प्रतिपरिवार औषत जनसंख्या ५.३२ जना रहेको छ । राप्ती गाउँपालिकामा कुल जनसंख्यामा जन्मपछि १८ वर्ष सम्मका बालबालिकाको संख्या** १६ हजार ८ सय ४० रहेको छ जून कूल जनसंख्याको ३१.४८ **प्रतिशत हो ।**
**वडागत आधारमा कुल जनसंख्या र बालबालिकाको संख्या विवरणको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ ।**

### वडागत आधारमा जनसंख्या विबरण

| वडा नं. | घरधुरी संख्या | महिला | पुरुष | जम्मा जनसंख्या | जनसंख्या % | बालक | बालिका | जम्मा | बालबालिका % |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १६१० | ३९५६ | ४१०० | ८०५६ | १५.०६ | १४०१ | १२५९ | २६६० | १५.७९ |
| २ | १३९३ | ३४१४ | ३६८४ | ७०९८ | १३.२८ | १२३६ | १०५२ | २२८८ | १३.५९ |
| ३ | १३६४ | ३४८८ | ३५८२ | ७०७० | १३.२२ | ११३९ | १०५८ | २१९७ | १३.०५ |
| ४ | १२७८ | ३२१९ | ३२७८ | ६४९७ | १२.१५ | ९९८ | ९४२ | १९४० | ११.५२ |
| ५ | ११६७ | ३११८ | ३१७४ | ६२९२ | ११.७६ | १०४३ | ९२९ | १९७२ | ११.७१ |
| ६ | ९४१ | २६५३ | २७९९ | ५४५२ | १०.१९ | ७७१ | ७५० | १५२१ | ९.०३ |
| ७ | ९२४ | २६३३ | २७२२ | ५३५५ | १०.०१ | ८३९ | ७४९ | १५८८ | ९.४३ |
| ८ | १०४९ | २८१५ | २९४८ | ५७६३ | १०.७७ | ९१३ | ८२३ | १७३६ | १०.३१ |
| ९ | ३१३ | ९३८ | ९६७ | १९०५ | ३.५६ | ४७३ | ४६५ | ९३८ | ५.५७ |
| जम्मा | १०,०३९ | २६२३४ | २७२५४ | ५३४८८ | १००% | ८८१३ | ८०२७ | १६८४० | १००% |
| | | ४९.०५ | ५०.९५ | | | ५२.३३ | ४७.६७ | ३१.४८ | |

# बालबालिकाको उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

**यस गाउँपालिकामा रहेको जम्मा जनसंख्या मध्ये पुरुष ५०.९५ प्रतिशत र महिला ४९.०५ प्रतिशत जनसंख्या रहेको छ । उमेरगत आधारमा जम्मदेखि ६ महिना पूरा गरेका बालबालिकाको संख्या जम्मा ३ सय २६ रहेको छ । जसमा बालक १ सय ७५ र बालिका १ सय ५१ रहेको छ । जुन कुल बालबालिका संख्याको १.९३ प्रतिशत हो ।**
**उमेर समूह अनुसार बालबालिकाको जनसंख्या विवरण वडा गत रुपमा तालिकमा प्रस्तुत गरिएको छ ।**

### उमेर समूह अनुसार बालबालिकाको जनसंख्या विवरण

| वडा न | ०देखि ६महिना पूरा गरेको | | ७ देखि ११ महिना पूरा गरेको | | १ देखि २ वर्ष पूरा गरेको | | ३ देखि ५ वर्ष पूरा गरेको | | ६ देखि ९ वर्ष पूरा गरेको | | १० बर्ष देखि १८वर्ष पूरा गरेको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| १ | २२ | १५ | २५ | १७ | ११२ | ९९ | २०९ | १७१ | ३२७ | २६३ | ७०६ | ६९४ | २६६० |
| २ | २७ | १६ | ३१ | २१ | ९२ | ६५ | १८० | १७२ | २७५ | २१६ | ६३१ | ५६२ | २२८८ |
| ३ | २५ | १९ | २४ | १६ | ८३ | ८७ | १७९ | १७८ | २७१ | २२२ | ५५९ | ५३४ | २१९७ |
| ४ | २४ | २७ | २४ | २७ | ९३ | ७६ | १५७ | १३३ | २२७ | १९८ | ४७४ | ४८० | १९४० |
| ५ | १९ | १९ | १५ | १६ | ७७ | ६५ | १७० | १५२ | २५३ | १९२ | ५०९ | ४८५ | १९७२ |
| ६ | १५ | १८ | १७ | ९ | ४१ | ४१ | १३६ | १०३ | १५९ | १५३ | ४०३ | ४२६ | १५२१ |
| ७ | २० | १० | १६ | १७ | ८२ | ५८ | १४२ | १२३ | १४९ | १४२ | ४३० | ३९९ | १५८८ |
| ८ | १५ | १६ | १५ | १२ | ६४ | ५९ | १३४ | ९६ | १७७ | १३३ | ५०८ | ५०७ | १७३६ |
| ९ | ८ | ११ | १५ | ९ | ४५ | ४४ | ८१ | ९६ | १२१ | ११६ | २०४ | १८८ | ९३८ |
| जम्मा | १७५ | १५१ | १८२ | १४४ | ६८९ | ५९४ | १३८८ | १२२४ | १९५९ | १६३५ | ४४२४ | ४२७५ | १६८४० |
| | ३२६ | | ३२६ | | १२८३ | | २६१२ | | ३५९४ | | ८६९९ | | १६८४० |
| **%** | १.९३ | | १.९४ | | ७.६२ | | १५.५१ | | २१.३४ | | ५१.६६ | | १०० |

# मातृभाषाको आधारमा बालबालिका घरधुरी विवरण

**यस गाउँपालिकामा विभिन्न ११ भाषा बोल्ने जनसंख्या पाईएपनि प्राय नेपाली भाषा बोल्ने चलन रहेकोले अन्य भाषाको तथ्याङ्क कम रहेको पाईन्छ । बालबालिकाको प्रोफाईल तयारीको क्रममा घरधुरी सर्बेक्षणका क्रममा सोधिएको प्रश्नमा उत्तरदाताले खासगरी थारु समुदाय बाहेक धेरै घरमा नेपाली भाषा बोल्ने गरेको उत्तर दिएको पाईएको छ ।**
**जसअनुसार सवैभन्दा धेरै बालबालिकाका परिवार ५३.५२ प्रतिशत जनसंख्याले नेपाली भाषा वोल्ने गर्दछन् । दोस्रोमा थारु भाषा बोल्ने बालबालिकाका परिवार ४५.२१ प्रतिशत रहेको देखिन्छ । विभिन्न जातजाति अनुसार आफ्नो मातृभाषा बोल्ने गरेको भएपनि माध्यम भाषाको रुपमा नेपाली भाषानै प्रयोग गर्ने गरिएको छ । वडागत आधारमा भाषा अनुसारको बालबालिकाका परिवार घरधुरी विवरण तालिकामा प्रस्तुत गरिएको छ ।**

### भाषा अनुसारको बालबालिकाका परिवार घरधुरी विवरण

| वडा न. | नेपाली | थारु | मगर | खाम | हिन्दी | उर्दु | अन्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| **१** | १५३६ | ३६ | ३८ | ० | ० | ० | ० | १६१० | १६.०४ |
| **२** | १०६७ | ३२२ | ० | ० | ० | ४ | ० | १३९३ | १३.८८ |
| **३** | ४३९ | ८६० | ० | ६४ | ० | ० | ० | १३६३ | १३.५८ |
| **४** | ७२८ | ५४९ | ० | ० | ० | १ | ० | १२७८ | १२.७३ |
| **५** | ६१० | ५५७ | ० | ० | ० | ० | ० | ११६७ | ११.६२ |
| **६** | ५८ | ८७५ | १ | ० | ७ | १ | ० | ९४२ | ९.३८ |
| **७** | १९५ | ७२९ | ० | ० | ० | ० | ० | ९२४ | ९.२० |
| **८** | ४२७ | ६११ | ४ | १ | ५ | ० | १ | १०४९ | १०.४५ |
| **९** | ३१३ | ० | ० | ० | ० | ० | ० | ३१३ | ३.१२ |
| जम्मा | ५३७३ | ४५३९ | ४३ | ६५ | १२ | ६ | १ | १००३९ | १०० % |
| प्रतिशत | ५३.५२ | ४५.२१ | ०.४३ | ०.६५ | ०.१२ | ०.०६ | ०.०१ | | |

# बालबालिकाको धर्म अनुसार घरधुरी विवरण

**हाम्रो राप्ती गाउँपालिका क्षेत्रका बालबालिकाहरु कुन धर्म मान्दछन् भन्ने विषयको जानकारीका लागि लिईएको घरधुरी सर्बेक्षणमा प्राप्त विवरण अनुसार खास गरी बालबालिकाको परिवारमा जुन धर्म मानिदै आईएको छ सोहिनै बालबालिकाले समेत मान्दै आएको पाईए पनि कहि कतै आमा बुबाले धर्म परिवर्तन गरेपनि छोराछोरीले जानकारी समेत नपाएको पाईएको छ ।**

**धर्मका वारेमा बालबालिकासंग सोधपुछ गर्दा केही परिवारमा बाबु वा आमालेमात्र धर्म परिवर्तन गरेको समेत पाईएको छ ।**

**यस गाउँपालिकाका बालबालिकाको घरधुरी लाई धार्मिक दृष्टिकोणको आधारमा विश्लेषण गरेर हेर्दा समुदायले मिश्रित प्रकारको धर्म अवलम्वन गर्ने समुदायहरु देखिन्छ । कूल जनसंख्याको सवै भन्दा ठूलो हिस्सा ओगट्ने हिन्दू धर्मावलम्वीहरु छन् । कूल घरधुरीको ९७.३१ प्रतिशत बालबालिकाको परिवारले हिन्दू धर्म मान्दै आएको पाईएको छ । कूल जनसंख्याको दोस्रो र तेस्रो क्षेत्र ओगट्ने इसाई र मुस्लिम धर्मावलम्वीहरु छन् जसले कूल जनसंख्याको २.४८ प्रतिशत क्षेत्र ओगटेको छ । चौथो स्थान ओगट्ने वौद्ध धर्मावलम्वीहरु छन् जसले कूल जनसंख्याको ०.१४ प्रतिशत क्षेत्र ओगटेको छ । धर्म अनुसारको घरधुरी विवरणलाई तालिकामा देखाईएको छ ।**

### धर्म अनुसारको घरधुरी विवरण

| वडा | हिन्दू | क्रिश्चियन | बौद्ध | मूस्लीम | अन्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | १५५९ | १३ | ४ | ३३ | १ | १६१० | १६.०४ |
| २ | १३६९ | १० | ९ | ५ | ० | १३९३ | १३.८८ |
| ३ | १३१५ | ४६ | ० | २ | ० | १३६३ | १३.५९ |
| ४ | १२०७ | ५८ | ० | ७ | ६ | १२७८ | १२.७३ |
| ५ | ११६७ | ० | ० | ० | ० | ११६७ | ११.६२ |
| ६ | ९१६ | १८ | ० | ८ | ० | ९४२ | ९.३७ |
| ७ | ९२१ | २ | ० | १ | ० | ९२४ | ९.२० |
| ८ | १०४३ | १ | १ | ४ | ० | १०४९ | १०.४५ |
| ९ | २७२ | ० | ० | ४१ | ० | ३१३ | ३.१२ |
| जम्मा | ९७६९ | १४८ | १४ | १०१ | ७ | १००३९ | १०० |
| % | ९७.३१ | १.४७ | ०.१४ | १.०१ | ०.०७ | १०० | % |

## जातिगत आधारमा घरधुरी तथा जनसंख्या विवरण

जातिगत आधारमा यस राप्ती गाउँपालिकाको जनसंख्यालाई विश्लेषण गर्दा संयुक्त जातजातिको वसोवास रहेको पाइन्छ । खास गरी यस क्षेत्रमा बसोवास गर्ने बालबालिकाहरको जातिगत रुपमा विवरण जानकारीको लागि लिईएको सर्बेक्षणमा  मुख्यतया ब्रामण, क्षेत्री, थारु, दलीत, ठकुरी, मूस्लीम, दशनामी, मगर,कूमाल, नेवार, गुरुङ, गुप्ता तथा अन्य जातजातिको बसोवास पाईएको छ । यस गाउँपालिकामा थारु समुदायका बालबालिकाको परिवार संख्या सबैभन्दा धेरै रहेको छ । गाउँपालिकाको कुल घरपरिवार मध्य ४५.२१ प्रतिशत घरधुरी थारु समुदायका बालबालिकाको परिवार रहेको छ । वडामा आधारित जातजाति अनुसारको जनसंख्या, घरधुरी विवरण तालिकामा उल्लेख गरिएको छ ।

## जातजाति अनुसारको जनसंख्या, घरधुरी विवरण

| वडा नं | | ब्रामण | क्षेत्री | थारु | दलीत | ठकूरी | मुस्लीम | गीरी | मगर | कुमाल | नेवार | गूप्ता | गूरुङ | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | ३९४ | ३२३ | ३६ | १४६ | २४ | ३३ | २९ | ३५४ | १०६ | ४१ | ६६ | २७ | ३१ | १६१० |
| | २ | २८९ | १७७ | ३२२ | ९७ | ९ | ५ | १७ | २१५ | २२७ | ८ | ० | २७ | ० | १३९३ |
| | ३ | १३७ | १६२ | ८६० | ७७ | ६ | २ | २४ | ६७ | ७ | २ | ७ | ११ | १ | १३६३ |
| | ४ | १५० | २१६ | ५४९ | ६४ | ७८ | ७ | १३३ | ४९ | २२ | ३ | ४ | ० | ३ | १२७८ |
| | ५ | १११ | ६५ | ५५७ | ६९ | ४ | ० | ४ | ३५१ | १ | २ | ३ | ० | ० | ११६७ |
| | ६ | ७ | २७ | ८७५ | १३ | ० | ८ | १ | १० | ० | ० | ० | १ | ० | ९४२ |
| | ७ | ६१ | ८७ | ७२९ | १६ | ० | १ | ५ | २५ | ० | ० | ० | ० | ० | ९२४ |
| | ८ | ७३ | ११५ | ६११ | ५७ | ३३ | ४ | ३ | ११० | ९ | ४ | ६ | २१ | ३ | १०४९ |
| | ९ | ४ | ३७ | ० | ३३ | ३ | ४१ | ३ | १९२ | ० | ० | ० | ० | ० | ३१३ |
| | जम्मा | १२२६ | १२०९ | ४५३९ | ५७२ | १५७ | १०१ | २१९ | १३७३ | ३६३ | ५६ | ८६ | ८७ | ५१ | १००३९ |
| | | १२.२१ | १२.०४ | ४५.२१ | ५.६९ | १.५६ | १.०१ | २.१८ | १३.६८ | ३.६२ | ०.५६ | ०.८६ | ०.८७ | ०.५१ | १०० |
| | कूल जनसंख्या विवरण | | | | | | | | | | | | | | |
| वडा | | ब्रामण | क्षेत्री | थारु | दलीत | ठकूरी | मुस्लीम | गीरी | मगर | कुमाल | नेवार | गूप्ता | गूरुङ | अन्य | |
| १ | महिला | ९३२ | ७३५ | ९२ | ३८४ | ६७ | १५६ | ९४ | ८५१ | ३४४ | ९३ | ७२ | ७० | ६६ | ३९५६ |
| | पुरुष | १००३ | ७६६ | ९९ | ४०६ | ६३ | १२८ | ९९ | ८४५ | ३४९ | १०६ | ८५ | ७७ | ७४ | ४१०० |
| २ | महिला | ७४५ | ४२७ | ७७९ | २४० | २० | १२ | ४० | ५५४ | ५०५ | २१ | ० | ७१ | ० | ३४१४ |
| | पुरुष | ८१८ | ४२९ | ८३१ | २६६ | २३ | १८ | ४२ | ५६७ | ५८३ | २२ | ० | ८५ | ० | ३६८४ |
| ३ | महिला | ३०५ | ४११ | २३०५ | १५५ | ११ | ८ | ५५ | १८४ | १० | ३ | १६ | २२ | ३ | ३४८८ |
| | पुरुष | ३३३ | ४१३ | २३७२ | १५२ | १२ | २ | ५३ | १७६ | १६ | ४ | १८ | २८ | ३ | ३५८२ |
| ४ | महिला | ३४६ | ५४६ | १४५४ | १५७ | १८८ | २३ | ३१६ | ११८ | ४८ | ९ | ७ | ० | ७ | ३२१९ |
| | पुरुष | ४०१ | ५३९ | १४७४ | १५८ | १८४ | २० | ३११ | ११९ | ४९ | ८ | १० | ० | ५ | ३२७८ |
| ५ | महिला | २९६ | १५७ | १५०३ | १८८ | १० | ० | १० | ९३८ | ४ | २ | १० | ० | ० | ३११८ |
| | पुरुष | ३१३ | १७२ | १४९३ | १८१ | १४ | ० | १० | ९७२ | २ | ७ | १० | ० | ० | ३१७४ |
| ६ | महिला | २३ | ७३ | २४५१ | ३९ | ० | ३४ | ४ | २७ | ० | ० | ० | २ | ० | २६५३ |
| | पुरुष | २० | ८४ | २५७८ | ३४ | ० | ४२ | २ | ३८ | ० | ० | ० | १ | ० | २७९९ |
| ७ | महिला | १७३ | २४४ | २०९४ | ४८ | ० | १ | १८ | ५५ | ० | ० | ० | ० | ० | २६३३ |
| | पुरुष | १९४ | २५८ | २१४८ | ४३ | ० | २ | १३ | ६४ | ० | ० | ० | ० | ० | २७२२ |
| ८ | महिला | २०० | ३१५ | १६१६ | १६१ | ९१ | ११ | ७ | २९६ | २१ | १३ | १८ | ५६ | १० | २८१५ |
| | पुरुष | २२७ | ३१० | १६७५ | १७६ | ९७ | ९ | ४ | ३१० | २८ | ११ | १७ | ७३ | ११ | २९४८ |
| ९ | महिला | ११ | १०९ | ० | ९२ | १३ | १४३ | ४ | ५६६ | ० | ० | ० | ० | ० | ९३८ |
| | पुरुष | १० | ११३ | ० | ९९ | १६ | १२७ | ९ | ५९३ | ० | ० | ० | ० | ० | ९६७ |
| कूल जम्मा | | ६३५० | ६१०१ | २४९६४ | २९७९ | ८०९ | ७३६ | १०९१ | ७२७३ | १९५९ | २९९ | २६३ | ४८५ | १७९ | ५३४८८ |
| | % | ११.८७ | ११.४१ | ४६.६७ | ५.५७ | १.५१ | १.३८ | २.०४ | १३.६० | ३.६६ | ०.५६ | ०.४९ | ०.९१ | ०.३३ | १०० |
| कुल | महिला | ३०३१ | ३०१७ | १२२९४ | १४६४ | ४०० | ३८८ | ५४८ | ३५८९ | ९३२ | १४१ | १२३ | २२१ | ८६ | २६२३४ |
| | पुरुष | ३३१९ | ३०८४ | १२६७० | १५१५ | ४०९ | ३४८ | ५४३ | ३६८४ | १०२७ | १५८ | १४० | २६४ | ९३ | २७२५४ |
| कूल जम्मा | | ६३५० | ६१०१ | २४९६४ | २९७९ | ८०९ | ७३६ | १०९१ | ७२७३ | १९५९ | २९९ | २६३ | ४८५ | १७९ | ५३४८८ |
| प्रतिशत | | ११.८७ | ११.४१ | ४६.६७ | ५.५७ | १.५१ | १.३८ | २.०४ | १३.६० | ३.६६ | ०.५६ | ०.४९ | ०.९१ | ०.३३ | १०० |

## जातजातिका आधारमा बालबालीकाको जनसंख्या विवरण

**राप्ती गाउँपालिका क्षेत्रमा भएको जनसंख्या मध्ये जातजातिका आधारमा बालबालीकाको जनसंख्या तालिकामा उल्लेख गरिएको छ ।**

**जातजातिका आधारमा बालबालीकाको जनसंख्या तालिका**

| जातजाति | | वडा | | | | | | | | | | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | कूल | | |
| ब्रामण | बालिका | २५३ | २०१ | ७१ | ८८ | ७९ | ६ | ५२ | ५४ | ४ | ८०८ | १७९० | १०.६३ |
| | बालक | २६६ | २५९ | ९८ | १३० | ९२ | ५ | ५१ | ७६ | ५ | ९८२ | | |
| क्षेत्री | बालिका | २२५ | १२० | १४० | १७४ | ३४ | २७ | ८३ | ९२ | ५० | ९४५ | २०३२ | १२.०७ |
| | बालक | २६७ | १४६ | १६२ | १९० | ५१ | ३४ | ८९ | ९३ | ५५ | १०८७ | | |
| थारु | बालिका | ३० | २५७ | ६९६ | ४०६ | ४०४ | ६८५ | ५८४ | ४६३ | ३ | ३५२८ | ७१६७ | ४२.५६ |
| | बालक | ३८ | २५८ | ७२० | ३६७ | ४२१ | ६९० | ६५५ | ४८९ | १ | ३६३९ | | |
| दलीत | बालिका | १३५ | ८२ | ५३ | ५७ | ७५ | १३ | ११ | ५९ | ४१ | ५२६ | १११८ | ६.६४ |
| | बालक | १६१ | १०८ | ४२ | ७१ | ६८ | १२ | २३ | ६४ | ४३ | ५९२ | | |
| ठकूरी | बालिका | १० | ४ | २ | ५५ | ० | ० | ० | १७ | ८ | ९६ | २०८ | १.२४ |
| | बालक | १६ | ४ | २ | ५५ | ६ | ० | ० | १९ | १० | ११२ | | |
| मगर | बालिका | २८९ | १८६ | ६० | ३६ | ३२८ | ५ | १३ | ९२ | २७९ | १२८८ | २७३० | १६.२१ |
| | बालक | ३०३ | २०१ | ६४ | ४३ | ३९५ | १५ | १८ | ११३ | २९० | १४४२ | | |
| कुमाल | बालिका | १३६ | १६२ | ४ | १६ | ३ | ० | ० | ० | ० | ३२१ | ६८५ | ४.०७ |
| | बालक | १३६ | २०४ | ७ | १७ | ० | ० | ० | ० | ० | ३६४ | | |
| मुस्लीम | बालिका | ७० | १ | ३ | ७ | ० | १२ | ० | २ | ७९ | १७४ | ३२४ | १.९२ |
| | बालक | ६० | ४ | ० | ७ | ० | १५ | ० | १ | ६३ | १५० | | |
| दश नामी | बालिका | १५ | ९ | १२ | ९६ | ४ | १ | ६ | २ | १ | १४६ | ३२० | १.९० |
| | बालक | २४ | १२ | १९ | १०५ | ३ | ० | ३ | २ | ६ | १७४ | | |
| नेवार | बालिका | २५ | ८ | १ | ४ | ० | ० | ० | ० | ० | ३८ | ८६ | ०.५१ |
| | बालक | २९ | ८ | २ | ४ | ५ | ० | ० | ० | ० | ४८ | | |
| गुरुङ | बालिका | २४ | २२ | ८ | ० | ० | १ | ० | १९ | ० | ७४ | १७७ | १.०५ |
| | बालक | ३० | ३२ | १५ | ० | ० | ० | ० | २६ | ० | १०३ | | |
| गुप्ता | बालिका | २४ | ० | ६ | २ | २ | ० | ० | ८ | ० | ४२ | १०० | ०.५९ |
| | बालक | ३७ | ० | ५ | ६ | २ | ० | ० | ८ | ० | ५८ | | |
| अन्य | बालिका | २३ | ० | ४ | २ | ० | ० | ० | १५ | ० | ४४ | १०३ | ०.६१ |
| | बालक | ३४ | ० | १ | २ | ० | ० | ० | २२ | ० | ५९ | | |
| **जम्मा** | | २६६० | २२८८ | २१९७ | १९४० | १९७२ | १५२१ | १५८८ | १७३६ | ९३८ | १६८४० | १६८४० | |
| | बालिका | १२५९ | १०५२ | १०६० | ९४३ | ९२९ | ७५० | ७४९ | ८२३ | ४६५ | ८०३० | १६८४० | ४७.६८ |
| | बालक | १४०१ | १२३६ | ११३७ | ९९७ | १०४३ | ७७१ | ८३९ | ९१३ | ४७३ | ८८१० | | ५२.३२ |
| **जम्मा** | | २६६० | २२८८ | २१९७ | १९४० | १९७२ | १५२१ | १५८८ | १७३६ | ९३८ | १६८४० | | |
| **प्रतिशत** | | १५.७९ | १३.५९ | १३.०५ | ११.५२ | ११.७१ | ९.०३ | ९.४३ | १०.३१ | ५.५७ | | १०० % | |

## बालबालिका लाई मनोरन्जन तथा ब्यक्तिगत सरसफाई

| २ | उपाध्यक्ष | जगदम्बाकुमारी चौधरी | राप्ती गाउँपालिका वडा नं. ५ | पहरूवा | ९८४७८३२८१८ | २०३३।०१।०५ |
| ३ | सदस्य | टेकबहादुर कूमाल | राप्ती गाउँपालिका वडा नं. २ | बराखुटी | ९८०९८६२७२६ | २००६।१२।३० |
| ४ | सदस्य | बेदप्रसाद चौधरी | राप्ती गाउँपालिका वडा नं. ६ | सगरापुर | ९८४७८७०१६९ | २०२३।१२।३० |
| ५ | सदस्य | बिष्णुबहादुर घर्ती क्षेत्री | राप्ती गाउँपालिका वडा नं. ४ | खिनैटा | ९८०६२११४४२ | २०२५।८।११ |
| ६ | सदस्य | कुवारी देवी कार्की | राप्ती गाउँपालिका वडा नं. ९ | सल्ले | ९८०९७८४४१४ | २०२६।१।२६ |
| ७ | सदस्य | जगतबहादुर थापा | राप्ती गाउँपालिका वडा नं. २ | बराखुटी | ९८४८७४२७७७ | २०२६।९।२३ |
| ८ | सदस्य | विष्णु गुरूङ्ग | राप्ती गाउँपालिका वडा नं. ८ | पिपरी | ९८४८०२८४२४ | २०३०।६।२२ |
| ९ | सदस्य | ताराबहादुर डि.सी | राप्ती गाउँपालिका वडा नं. १ | भालुवाङ्ग | ९८५७८४०६७१ | २०३२।१।२६ |
| १० | सदस्य | गोकर्णबहादुर रानामगर | राप्ती गाउँपालिका वडा नं. ८ | विजौरी | ९८४७९३१३१२ | २०३२।६।२७ |
| ११ | सदस्य | गोवर्धन रावत | राप्ती गाउँपालिका वडा नं. ५ | कालापानी | ९८४९०८५४२४ | २०३३।३।१२ |
| १२ | सदस्य | विद्याशरण चौधरी | राप्ती गाउँपालिका वडा नं. ७ | बडका सिसहनिया | ९८०९८९८२७९ | २०३४।७।११ |
| १३ | सदस्य | सुनिता मल्ल | राप्ती गाउँपालिका वडा नं. ४ | पिपरखुट्टी | ९८०९७१९०२४ | २०३४।९।१५ |
| १४ | सदस्य | ताराकुमारी चौधरी | राप्ती गाउँपालिका वडा नं. ६ | मझेरिया | ९८४७८७१९६१ | २०३४।११।४ |
| १५ | सदस्य | चन्दर चौधरी | राप्ती गाउँपालिका वडा नं. ३ | बसन्तापुर | ९८०६२४०४६३ | २०३६।४।१४ |
| १६ | सदस्य | रिमबहादुर सुनारी मगर | राप्ती गाउँपालिका वडा नं. ९ | लेवासे | ९८१०९४७३३० | २०३६।५।१ |
| १७ | सदस्य | संजिव परियार | राप्ती गाउँपालिका वडा नं. ८ | पिपरी | ९८५७८४०७६७ | २०४०।५।८ |

गाउँसभा को मर्यायादाक्रम

| सि.नं. | पद | नामथर | ठेगाना | गाउँटोल | मोवाइल नम्बर | जन्ममिति |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | नुमानन्द सुवेदी | राप्ती गाउँपालिका वडा नं. १ | पाखापानी | ९८५७८३२३८९ | २००९।२।२५ |
| २ | उपाध्यक्ष | जगदम्बा कुमारी चौधरी | राप्ती गाउँपालिका वडा नं. ५ | पहरूवा | ९८४७८३२८१८ | २०३३।०१।०५ |
| ३ | सदस्य | टेकबहादुर कूमाल | राप्ती गाउँपालिका वडा नं. २ | बराखुटी | ९८०९८६२७२६ | २००६।१२।३० |
| ४ | सदस्य | पोमलाल गिरी | राप्ती गाउँपालिका वडा नं. ४ | मझनीगढ | ९८४७८०५१४५ | २०१५।७।२४ |
| ५ | सदस्य | रामनाथ चौधरी | राप्ती गाउँपालिका वडा नं. ३ | खुरूरिया | ९८०६२८४५२३ | २०१८।०७।१३ |
| ६ | सदस्य | कृष्णकुमार चौधरी | राप्ती गाउँपालिका वडा नं. ६ | बगरापुर | ९८०९५८७३४२ | २०२१।१२।२८ |
| ७ | सदस्य | नित्यानन्द शर्मा | राप्ती गाउँपालिका वडा नं. ७ | भानपुर | ९८४७८२६९३५ | २०२१।३।१३ |
| ८ | सदस्य | बेदप्रसाद चौधरी | राप्ती गाउँपालिका वडा नं. ६ | सगरापुर | ९८४७८७०१६९ | २०२३।१२।३० |
| ९ | सदस्य | भीमलाल चौधरी | राप्ती गाउँपालिका वडा नं. ७ | अर्नहानपुर | ९८०९८६१४०६ | २०२३।६।५ |
| १० | सदस्य | भानु चौधरी | राप्ती गाउँपालिका वडा नं. ५ | लट्ठहवा | ९८०९५११६८२ | २०२४।२।१५ |
| ११ | सदस्य | श्यामलाल पोख्रेल | राप्ती गाउँपालिका वडा नं. १ | पाखापानी | ९८४७८४८०२७ | २०२४।२।१७ |
| १२ | सदस्य | बिष्णुबहादुर घर्ती क्षेत्री | राप्ती गाउँपालिका वडा नं. ४ | खिनैटा | ९८०६२११४४२ | २०२५।८।११ |
| १३ | सदस्य | कुवारी देवी कार्की | राप्ती गाउँपालिका वडा नं. ९ | सल्ले | ९८०९७८४४१४ | २०२६।१।२६ |
| १४ | सदस्य | विश्वपति चौधरी | राप्ती गाउँपालिका वडा नं. ४ | मौरीघाट | ९८०९७५७२२७ | २०२६।२।१८ |
| १५ | सदस्य | जगतबहादुर थापा | राप्ती गाउँपालिका वडा नं. २ | बराखुटी | ९८४८७४२७७७ | २०२६।९।२३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | सदस्य | सुरजमति चौधरी | राप्ती गाउँपालिका वडा नं. ३ | पैसट्टी नम्वर | ९८६८६४६३५३ | २०२७।०९।०५ |
| १७ | सदस्य | फुर्सी नेपाली | राप्ती गाउँपालिका वडा नं. २ | रामनगर | ९८२२८०९५२० | २०२८।१।१५ |
| १८ | सदस्य | लक्ष्मि दमाई | राप्ती गाउँपालिका वडा नं. ८ | पिपरी | ९८०९५१९५७४ | २०२९।१।२८ |
| १९ | सदस्य | पूर्ण जंग रेश्मी मगर | राप्ती गाउँपालिका वडा नं. १ | शान्तिपुर | ९८४७८४५३३५ | २०२९।९।२२ |
| २० | सदस्य | रामचन्द्र चौधरी | राप्ती गाउँपालिका वडा नं. ८ | पिपरी | ९८०९७६३२९४ | २०३०।३।७ |
| २१ | सदस्य | विष्णु गुरूङ्ग | राप्ती गाउँपालिका वडा नं. ८ | पिपरी | ९८४८०२८४२४ | २०३०।६।२२ |
| २२ | सदस्य | शान्तीदेवी चौधरी | राप्ती गाउँपालिका वडा नं. ७ | छोटकी सिसहनिया | ९८४७८४०४८४ | २०३१।२।१५ |
| २३ | सदस्य | ताराबहादुर डि.सी | राप्ती गाउँपालिका वडा नं. १ | भालुवाङ्ग | ९८५७८४०६७१ | २०३२।१।२६ |
| २४ | सदस्य | देउकला कामी | राप्ती गाउँपालिका वडा नं. ९ | रूपाकोट | ९८१०८८६१३७ | २०३२।११।२० |
| २५ | सदस्य | गोकर्णबहादुर रानामगर | राप्ती गाउँपालिका वडा नं. ८ | विजौरी | ९८४७९३१३१२ | २०३२।६।२७ |
| २६ | सदस्य | पिमा गाहामगर | राप्ती गाउँपालिका वडा नं. २ | स्यानीघोष | ९८१०८९५२७२ | २०३२।८।१ |
| २७ | सदस्य | अलि मोहमद | राप्ती गाउँपालिका वडा नं. ९ | रूपाकोट | ९८०९७६२७८५ | २०३३।११।१३ |
| २८ | सदस्य | लालबहादुर चौधरी | राप्ती गाउँपालिका वडा नं. २ | कटाहा | ९८१००९५१२२ | २०३३।२।२० |
| २९ | सदस्य | गोवर्धन रावत | राप्ती गाउँपालिका वडा नं. ५ | कालापानी | ९८४९०८५४२४ | २०३३।३।१२ |
| ३० | सदस्य | गणेश कुमार चौधरी | राप्ती गाउँपालिका वडा नं. ५ | पहरूवा | ९८४१४२३९६१ | २०३३।९।१० |
| ३१ | सदस्य | ताराकुमारी घिमिरे | राप्ती गाउँपालिका वडा नं. ६ | मझेरिया | ९८४७८७१९६१ | २०३४।११।४ |
| ३२ | सदस्य | विद्याशरण चौधरी | राप्ती गाउँपालिका वडा नं. ७ | बडका सिसहनिया | ९८०९८७८२७९ | २०३४।७।११ |
| ३३ | सदस्य | सुनिता मल्ल | राप्ती गाउँपालिका वडा नं. ४ | पिपरखुट्टी | ९८०९७१९०१४ | २०३४।९।१५ |
| ३४ | सदस्य | गिता थापा क्षेत्री | राप्ती गाउँपालिका वडा नं. १ | पुलचोक | ९८४७८४६४२९ | २०३६।१०।१९ |
| ३५ | सदस्य | आनन्दकुमार परियार | राप्ती गाउँपालिका वडा नं. ३ | नयावस्ती | ९८४७९३२३७८ | २०३६।१२।०३ |
| ३६ | सदस्य | चन्दर चौधरी | राप्ती गाउँपालिका वडा नं. ३ | बसन्तापुर | ९८०६२४०४६३ | २०३६।४।१४ |
| ३७ | सदस्य | रिमबहादुर सुनारी मगर | राप्ती गाउँपालिका वडा नं. ९ | लेवासे | ९८१०९४७३३० | २०३६।५।१ |
| ३८ | सदस्य | पुरनप्रसाद चौधरी | राप्ती गाउँपालिका वडा नं. ६ | पथ्थरगढवा | ९८४७९१६५५२ | २०३७।३।२० |
| ३९ | सदस्य | माया परियार | राप्ती गाउँपालिका वडा नं. ४ | नयागाँउ | ९८०१३३८१६६ | २०४०।१०।१५ |
| ४० | सदस्य | दधिबहादुर बरालमगर | राप्ती गाउँपालिका वडा नं. ९ | जावुने | ९८०६२२६३१० | २०४०।१२।१३ |
| ४१ | सदस्य | संजिव परियार | राप्ती गाउँपालिका वडा नं. ८ | पिपरी | ९८५७८४०७६७ | २०४०।५।८ |
| ४२ | सदस्य | सरस्वती दमाई | राप्ती गाउँपालिका वडा नं. ७ | बडका सिसहनिया | ९८१०९७८१९९ | २०४०।६।१९ |
| ४३ | सदस्य | इन्द्रादेवी नेपाली | राप्ती गाउँपालिका वडा नं. ६ | भगवानपुर | ९८१२८८२२६४ | २०४२।६।१५ |
| ४४ | सदस्य | शिवा भट्टराई | राप्ती गाउँपालिका वडा नं. ५ | सिंगे | ९८०९५३९२८५ | २०४२।७।७ |
| ४५ | सदस्य | शारदा परियार | राप्ती गाउँपालिका वडा नं. ५ | सिंगे | ९८१०९७२१५९ | २०४५।१।९ |
| ४६ | सदस्य | ईश्वरी परियार | राप्ती गाउँपालिका वडा नं. ३ | मसुरीया | ९८०९५९७६११ | २०४६।०५।१० |
| ४७ | सदस्य | कविता कामी | राप्ती गाउँपालिका वडा नं. १ | भालुवाङ्ग | ९८०८३९६६१५ | २०४६।११।८ |
| ४८ | सदस्य | बसन्त सार्की | राप्ती गाउँपालिका वडा नं. २ | बराखुटी | ९८५७८४०३४१ | २०४६।५।१३ |
| ४९ | सदस्य | निर्माकुमारी चौधरी | राप्ती गाउँपालिका वडा नं. ८ | पिपरा | ९८१२८४४८०९ | २०४८।११।१३ |

| राप्ती गाउँ कार्यपालिका | | | | |
|---|---|---|---|---|
| विभिन्न विषयगत समिति तथा सोको पदाधिकारीहरूको विवरण | | | | |
| सिनं. | समितिको नाम | पद | नामथर | मोवाइल नम्वर |
| १ | सामाजिक विकास समिति | संयोजक | विद्याशरण चौधरी | ९८०९८९८२७९ |
| | | सदस्य | संजिव परियार | ९८५७८४०७६७ |
| | | सदस्य | सुनिता मल्ल | ९८०९७१९०२४ |
| | | सदस्य सचिव | | |
| २ | वातावरण तथा विपद ब्यवस्थापन समिति | संयोजक | बेदप्रसाद चौधरी | ९८४७८७०१६९ |
| | | सदस्य | ताराकुमारी चौधरी | ९८४७८७१९६१ |
| | | सदस्य | टेकबहादुर कूमाल | ९८०९८६२७२६ |
| | | सदस्य सचिव | नारायण रावत | ९८५७८३१४५६ |
| ३ | विधेयक समिति | संयोजक | जगतबहादुर थापा | ९८४८७४२७७७ |
| | | सदस्य | चन्दर चौधरी | ९८०६२४०४६३ |
| | | सदस्य | विष्णु गुरूङ्ग | ९८४८०२८४२४ |
| | | सदस्य सचिव | नवराज न्यौपाने | ९८५७८३१३२२ |
| ४ | आर्थिक विकास समिति | संयोजक | ताराबहादुर डि.सी | ९८५७८४०६७१ |
| | | सदस्य | टेकबहादुर कूमाल | ९८०९८६२७२६ |
| | | सदस्य | ताराकुमारी चौधरी | ९८४७८७१९६१ |
| | | सदस्य सचिव | | |
| ५ | पूर्वाधार विकास समिति | संयोजक | बिष्णुबहादुर घर्ती क्षेत्री | ९८०६२११४४२ |
| | | सदस्य | रिमबहादुर सुनारी मगर | ९८१०९४७३३० |
| | | सदस्य | संजिव परियार | ९८५७८४०७६७ |
| | | सदस्य सचिव | | |
| ६ | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | संयोजक | गोवर्धन रावत | ९८४९०८५४२४ |
| | | सदस्य | संजिव परियार | ९८५७८४०७६७ |
| | | सदस्य | सुनिता मल्ल | ९८०९७१९०२४ |
| | | सदस्य सचिव | रेशमराज अधिकारी | ९८५७८४०३८४ |

# गाउँपालिका कार्यपालिका कार्यालयमा हाल कार्यरत कर्मचारी

| राप्ती गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरूको विवरण | | | |
|---|---|---|---|
| **सि.नं.** | **नामथर** | **पद** | **सम्पर्क मोवाईल नम्वर** |
| १ | राम प्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | ९८५७८४२१११ |
| २ | महेश अधिकारी | कृषि प्रसार अधिकृत | ९८४७८४०५९२ |
| ३ | धन प्रसाद शर्मा | लेखा अधिकृत | ९८४७९८४०९६ |

| | | | |
|---|---|---|---|
| ४ | विशाल भण्डारी | इन्जिनियर | ९८६६९६५७९८ |
| ५ | राजेन्द्र विक्रम चौधरी | ना.सु. | ९८४४९०८१८१ |
| ६ | दामोदर पोखरेल | बडा सचिव ३ | ९८४७८५९५३९ |
| ७ | शेर बहादुर हमाल | प.से.प्रा.,बडा सचिव ९ | ९८६६७३२५२२ |
| ८ | मंगल प्रसाद चौधरी | बडा सचिव ६,८ | ९८५७८३५०८९ |
| ९ | मनिषलाल चौधरी | स.ई | ९८४८१३१२१० |
| १० | जीवन कुमारी जि.सी. | महिला विकास नीरिक्षक | ९८४८३०६०५९ |
| ११ | रेशमराज अधिकारी | सहलेखापाल | ९८५७८४०३८४ |
| १२ | विमला भट्टराई | प्रा.स. निर्माण | ९८४७९२७५९५ |
| १३ | बिनिता अधिकारी | स.म.वि.नि. | ९८४७८२७३९९ |
| १४ | असलेक कुमार चौधरी | सहायक चौथो,वडा सचिव १ | ९८४७८६१२१९ |
| १५ | सीता भण्डारी | सहायक चौथो,वडा सचिव २ | ९८६७९५३९९६ |
| १६ | तिर्थराज ज्ञवाली | सन्चार संयोजक | ९८४७८४५१२१ |
| १७ | सरीताकुमारी चौधरी | कार्यालय सहायक ६ | ९८४५०४४५१३ |
| १८ | सुनिता वस्नेत | सहायक कम्प्युटर अपरेटर | ९८६५५८१४९५ |
| १९ | शिवराज चौधरी | अमिन | ९८४७८२९५०३ |
| २० | गिर प्रसाद चौधरी | हलुका सवारी चालक | ९८४७८१००१५ |
| २१ | बनासरी चौधरी | कार्यालय सहयोगी ५ | ९८४७९१५४१४ |
| २२ | दिलिप चौधरी | कार्यालय सहयोगी | ९८४७८२५३७१ |
| २३ | झविलाल सुवेदी | टेक्टर हेल्पर | ९८०३६३४२४७ |
| २४ | शिवलाल सुवेदी | कार्यालय सहयोगी | ९८४७८४०८३४ |
| २५ | प्रीतिकुमारी चौधरी | कृषि जेटिए | |
| २६ | मीना थापा | कार्यालय सहयोगी १ | ९८०९८०८७०० |
| २७ | राम चौधरी | कार्यालय सहयोगी २ | ९८६६७३३३७५ |
| २८ | रामकुमारी चौधरी | कार्यालय सहयोगी ३ | ९८०६२३९०१८ |
| २९ | पद्मा खनाल (सुवेदी) | कार्यालय सहयोगी ४ | ९८४७९८२८९७ |
| ३० | एन्जिला चौधरी | कार्यालय सहयोगी ५ | ९८२२९०५८७१ |
| ३१ | हेमन्ता रेग्मी | कार्यालय सहयोगी ५ | ९८४४९७१५२० |
| ३२ | प्रेमकुमारी चौधरी | कार्यालय सहयोगी ६ | ९८०६२९१७२६ |
| ३२ | परशुराम चौधरी | कार्यालय सहयोगी ७ | ९८४७९३३१६६ |
| ३३ | चन्द्रबहादुर गुरूङ | कार्यालय सहयोगी ८ | ९८०९७६३२९४ |
| ३४ | गोकर्णबहादुर सुनारी मगर | कार्यालय सहयोगी ९ | ९८०९५५०३५८ |
| ३५ | रामलोचन चौधरी | जे.सी.भी.चालक | ९८१२२७३००६ |
| ३६ | प्रदिप चौधरी | टेक्टर चालक | ९८०९७०३४४५ |
| ३७ | कान्ती चौधरी | कार्यालय सहयोगी | ९८०९७१९८९३ |
| | **शिक्षातर्फ** | | |

| सि.नं. | नामथर | पद शिक्षातर्फ | मोवाईल नम्वर |
|---|---|---|---|
| १ | विश्वास वि.क. | शाखा प्रमुख(अधिकृत सातौं) | ९८४३८८७८७८ |
| २ | बासुदेव खनाल | शिक्षा अधिकृत(अधिकृत छैठौं) | ९८४७८८२४५० |
| | | **स्वास्थ्यतर्फ** | |
| **सि.नं.** | **नामथर** | **पद** | **मोवाईल नम्वर** |
| १ | नारायण राउत | सि.अ.हेव. छैठौं | ९८५७८३१४५६ |
| २ | नवराज न्यौपाने | सि.अ.हेव. छैठौं | ९८५७८३१३२२ |
| | | **कृषितर्फ** | |
| **सि.नं.** | **नामथर** | **पद** | **मोवाईल नम्वर** |
| १ | सिमा भट्ट | प्रा.स. | ९८६९१८८३६८ |
| २ | वरसाती गडरिया | प्रा.स. | ९८६५५९७८४७ |
| ३ | हिरा बस्नेत | ना.प्रा.स. | ९८४७५०२७८९ |
| ४ | प्रीती कुमारी चौधरी | ना.प्रा.स. | ९८४७९०४३३५ |
| ५ | निर्मला गिरी | | |
| | | **पशु सेवा तर्फ** | |
| **सि.नं.** | **नामथर** | **पद** | **मोवाईल नम्वर** |
| १ | राजविक्रम चौधरी | प.से.प्रा. | ९८५७८४०५३४ |
| २ | रोशनी वली | ना.प्रा.स. | ९८१८६६१५३२ |
| ३ | शेरबहादुर हमाल, कमल पुन, हिमा बस्नेत, | | |
| | | **सामाजिक परिचालकहरू** | |
| **सि.नं.** | **नामथर** | **पद** | **मोवाईल नम्वर** |
| १ | सन्तोषी चपाई | सा.प. | ९८४७८८१०६४ |
| २ | विष्णुमाया चौधरी | सा.प. | ९८४७९६७४०२ |
| | | **स्वास्थ्य चौकी सिसहनिया** | |
| **सि.नं.** | **नामथर** | **पद** | **मोवाईल नम्वर** |
| १ | पुष्प भुसाल | मेडिकल अधिकृत | ९८५७६३१००६ |
| | | **प्राविधिकहरू** | |
| **सि.नं.** | **नामथर** | **पद** | **मोवाईल नम्वर** |
| १ | सुवास भण्डारी | सव ईन्जिनियर | ९८४९८२८२७४ |
| २ | अनिल रावत | सव ईन्जिनियर | ९८४६५३०३५६ |
| ३ | लिलावती चौधरी | असिष्टेन्ट सव ईन्जिनियर | ९८४८२९९९३३ |
| ४ | महेश्वर चौधरी | असिष्टेन्ट सव ईन्जिनियर | ९८६००१३१९१ |
| ५ | राजनारायण चौधरी | असिष्टेन्ट सव ईन्जिनियर | ९८४७८२६८०६ |
| ६ | रिता कुमारी चौधरी | असिष्टेन्ट सव ईन्जिनियर | ९८०७५२८५७७ |
| ७ | भागमती चौधरी | असिष्टेन्ट सव ईन्जिनियर | ९८४७९५७५०१ |
| ८ | मानबहादुर जि.सी. | असिष्टेन्ट सव ईन्जिनियर | ९८०६२०५९९६ |

**श्रोत : राप्ती गाउँपालिकाको कार्यालय प्रशासन शाखा**

# ऐन, नीति, नियम र कार्यप्रणाली

नेपालको संविधानमा जनतालाई सार्वभौम सत्ता सम्पन्न र राज्यशक्तिको रुपमा स्पष्ट अंगिकार गरी ३ तह हुने व्यवस्था गरी स्थानीय सरकारलाई समेत स्पष्ट मान्यता र स्वायत्तता प्रदान गरेको छ । स्थानीय सरकारको एकल र साझा अधिकारको व्यवस्थाका साथै आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा विधायिकी, कार्यपालिकीय र न्यायिक भूमिका भएको हुनाले निति, नियम, कानून वनाई लागु गर्न सक्ने व्यवस्था गरेको छ ।

## गाउँपालिका ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्डहरु

स्थानीय तहवाट सेवा लिने दिने कार्यमा सुशासनको प्रत्याभूती गराउने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन यस राप्ती गाउँपालिकले तयार गरेको ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्डहरु निम्न छन् ।

### गाउँपालिकाले तयार गरेका ऐन, नीतिनियमहरुको विवरण

| सि.नं. | ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्डह | जारी मिति |
|---|---|---|
| १ | स्थानीय तह सहकारी ऐन २०७५ | २०७५/७६ |
| २ | विनियोजन ऐन २०७५ | २०७५/७६ |
| ३ | मेशीनरी औजार सञ्चालन कार्यविधि २०७५ | २०७५/७६ |
| ४ | मर्मत संभार विशेष कोष सञ्चालन कार्यविधि,२०७४ | २०७४/७५ |
| ५ | न्यायिक समिति कार्यविधि २०७५ | २०७५/७६ |
| ६ | टोल विकास संस्था कार्यविधि २०७५ | २०७५/७६ |
| ७ | घर नक्सा अभिलेखीकरण कार्यविधि २०७५ | २०७५/७६ |
| ८ | कृषि व्यवसाय ऐन २०७५ | २०७५/७६ |
| ९ | उपभोक्ता समिति ऐन २०७५ | २०७५/७६ |
| १० | आर्थिक विधेयक ऐन २०७५ | २०७५/७६ |
| ११ | संघ संस्था दर्ता ऐन,२०७५ | |
| १२ | विपद ब्यवस्थापन कार्य्विधि २०७५ | |
| १३ | पालिका स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४ | |

## गाउँपालिका कार्यपालिकाको विषयगत शाखा तथा मानव संशाधन

राप्ती गाउँपालिकामा कार्यव्यवस्थापनका लागि विषयगत शाखा स्थापना गरि शाखामा आवश्यक कर्मचारीहरु व्यवस्थापन गरी जिम्मेवारी विभाजन गरी कर्मचारी परिचालन गरिएको छ जुन निम्नानुसार रहेको छ ।

| सि.नं. | विषयगत शाखा समिति | सम्वन्धित विषय क्षेत्र |
|---|---|---|
| १ | प्रशासन, योजना तथा अनुगमन शाखा | प्रशासन इकाई, राजश्व इकाई, योजना तथा अनुगमन इकाई, कानूनी मामिला इकाई, |
| २ | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | सडक तथा पूर्वाधार विकास इकाई, भवन तथा वस्ती विकास इकाई, वातावरण सरसफाई तथा विपद व्यवस्थापन इकाई |
| ३ | स्वास्थ्य तथा सामाजिक विकास शाखा | सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई<br>महिला बालवालिका तथा समाजकल्याण इकाई<br>सेवा केन्द्रहरु |
| ४ | शिक्षा, यूवा तथा खेलकुद शाखा | बल विकास, विद्यालय , खेलकुद समिति केन्द्र, यूवा विकास समिति, स्थानीय स्तरका प्राविधिक तथा व्यवसायीक तालिम केन्द्र आदी |
| ५ | आर्थिक विकास शाखा | उद्योग तथा व्यवसाय प्रवर्द्धन इकाई, इकाई साना केन्द्रहरु ( पर्यटन, घरेलु, साना उद्योग, कृषि, पशु सेवा केन्द्र तथा अन्य |
| ६ | आर्थिक प्रशासन शाखा | आन्तरीक लेखा परिक्षण इकाई |

# संस्थागत सम्बन्ध र नागरिक संगठन
## गाउँपालिका भित्रका टोल विकास संस्था सम्बन्धी विवरण

| सि. नं. | टोल विकास संस्थाको नाम | अध्यक्ष | सि. नं. | टोल विकास संस्थाको नाम | अध्यक्ष |
|---|---|---|---|---|---|
| | | | वडा न. १ | | |
| १ | नयाँ वजार टोल विकास संस्था | भूमी गुरुङ | ७ | शान्तिपुर टोल विकास संस्था | निरमाया कूमाल |
| २ | नमूना वजार टोल विकास संस्था | ऋषिराम वस्नेत | ८ | माछीताल टोल विकास संस्था | हुमा कवर |
| ३ | नमूना टोल विकास संस्था | गुरु प्रसाद सुवेदी | ९ | शिद्धेश्वर टोल विकास संस्था | घमान सिंह रावत |
| ४ | आँपखोली टोल विकास संस्था | टेकवहादुर महतारा | १० | विहानी टोल विकास संस्था | खुमलाल पोखेल |
| ५ | हनुमानगढी टोल विकास संस्था | रोमलाल विष्ट | ११ | गौतम वुद्व टोल विकास संस्था | हिरा वहादुर पुन |
| ६ | स्वर्गद्धारी टोल विकास संस्था | गिर वहादुर गिरी | १२ | बगासोती टोल विकास संस्था | डम्वर वहादुर गाँहा |
| | | | वडा न. २ | | |
| १ | एकतानगर टोल विकास संस्था | हिमा पुरी | ८ | लालमटिया टोल विकास संस्था | युवराज भुसाल |
| २ | टुडिखेल टोल विकास संस्था | सिता कवर | ९ | कालिकानगर टोलविकास संस्था | बासुदेव थापा |
| ३ | वराखुटी हाईवे पश्चिम टोल विकास संस्था | निमलाल पौडेल | १० | रामनगर टोल विकास संस्था | नारायण शर्मा |
| ४ | वराखुटी हाईवे पूर्व टोल विकास संस्था | जानका भुसाल | ११ | मुक्तिनगर टोल विकास संस्था | लोकमाया तामाङ |
| ५ | सहकारीवीचगल्लीटोल विकास संस्था | गोविन्दवहादुर कुवर | १२ | स्यानीघोष टोल विकास संस्था | छविलाल बुढा |
| ६ | आदर्श टोल विकास संस्था | विष्णुप्रसाद बन्जाडे | १३ | बाहुनीपाटा टोल विकास संस्था | तुलसी बुढा |
| ७ | कठाहा टोल विकास संस्था | नुमाकला चौधरी | | | |

| वडा न.३ | | | | | |
|---|---|---|---|---|---|
| १ | खुरुरिया टोल विकास संस्था | डिल्लीराज चौधरी | ५ | उत्तर मसुरिया टोल विकास संस्था | वासुदेव भुसाल |
| २ | बसन्तापुर टोल विकास संस्था | शान्त प्रसाद चौधरी | ६ | दक्षिण मसुरिया टोल विकास संस्था | सन्तोष अधिकारी |
| ३ | ६५ नं. टोल विकास संस्था | प्रकाश चौधरी | ७ | प्रगत्ति टोल विकास संस्था | लक्ष्मण आचार्य |
| ४ | नयाँ वस्ती टोल विकास संस्था | गंगा सुनार | ८ | बाघढड्डी टोल विकास संस्था | टेक बहादुर गिरी |

| वडा न. ४ | | | | | |
|---|---|---|---|---|---|
| सि. नं. | टोल विकास संस्थाको नाम | अध्यक्ष | सि. नं | टोल विकास संस्थाको नाम | अध्यक्ष |
| १ | प्रगत्ति टोल विकास संस्था वुढीचौर | तेजु गिरी | ६ | दक्षिण खिनैटा टोल विकास संस्था | प्रकाश मल्ल |
| २ | मझनीगढ टोल विकास संस्था | जिवराज वली | ७ | उत्तर खिनैटा टोल विकास संस्था | एकराज शाही |
| ३ | नयाँ गाउँ टोल विकास संस्था | वावुराम मल्ल | ८ | जनकपुर टोल विकास संस्था | शान्ति चौधरी |
| ४ | सुन्दरपुर टोल विकास संस्था | मधव अधिकारी | ९ | मौरीघाट टोल विकास संस्था | बुद्धिप्रकाशचौधरी |
| ५ | पिपरखुट्टी टोल विकास संस्था | राम बहादुर मल्ल | १० | सिमलखुटी टोल विकास संस्था | शरद गिरी |
| वडा न. ५ | | | | | |
| १ | लठ्ठहवा टोल विकास संस्था | वामदेव चौधरी | ६ | पहरवा टोल विकास संस्था | मोतीराम चौधरी |
| २ | भुल्के टोल विकास संस्था | चेतनाथ उचही मगर | ७ | प्रगत्तिशिल टोल विकास संस्था | गंगा के.सी. |
| ३ | कमलरोड टोल विकास संस्था | हरी प्रसाद ज्ञवाली | ८ | सिङ्गे टोल विकास संस्था | जिवराज भट्टराई |
| ४ | कालापानी टोल विकास संस्था | देव प्रसाद चौधरी | ९ | थकरीकोट टोल विकास संस्था | द्यौर्ण समाल |
| ५ | करङ्गे टोल विकास संस्था | गिर बहादुर थापा | १० | पुनखोला टोल विकास संस्था | हेमबहादुर रोका मगर |
| वडा न. ६ | | | | | |
| १ | शंकर टोल विकास संस्था | अमरेन्द्र कुमार चौधरी | ६ | बड्का गल्ली टोल विकास संस्था | भिम बहादुर चौधरी |
| २ | शिवशक्ति टोल विकास संस्था | विश्वम्म्भर चौधरी | ७ | छोट्की गल्ली टोल विकास संस्था | धर्म प्रसाद उप्रेती |
| ३ | अन्नपूर्ण टोल विकास संस्था | हरी चन्द्र चौधरी | ८ | जुनकिरण टोल विकास संस्था | नेत्रराज चौधरी |
| ४ | शान्ति टोल विकास संस्था | भुपलाल चौधरी | ९ | हंशेश्वर टोल विकास संस्था | सम्साद अलि खाँ |
| ५ | प्रगत्तिशिल टोल विकास संस्था | दिपक चौधरी | | | |
| वडा न. ७ | | | | | |
| १ | पञ्चकन्या टोल विकास संस्था | कर्कट चौधरी | | | |
| २ | गौवरिया टोल विकास संस्था | जगनारायण चौधरी | ७ | पश्चिम भानपुर टोल विकास संस्था | दयाराम लामिछाने |
| ३ | जगपुर टोल विकास संस्था | गणेश चौधरी | ८ | रामघाट टोल विकास संस्था | मधव लाल चौधरी |
| ४ | सरस्वती टोल विकास संस्था | विर बहादुर चौधरी | ९ | शान्ति टोल विकास संस्था | सनातन देव चौधरी |
| ५ | जनसेवा टोल विकास संस्था | सन्तोषी चौधरी | १० | जरलहिया टोल विकास संस्था | चुडामणी चौधरी |
| ६ | पूर्व भानपुर टोल विकास संस्था | ज्ञान बहादुर चौधरी | ११ | प्रगत्तिशिल टोल विकास संस्था | चुडामणी पोखेल |

| वडा न. ८ | | | | | |
|---|---|---|---|---|---|
| सि. नं. | टोल विकास संस्थाको नाम | अध्यक्ष | सि. नं. | टोल विकास संस्थाको नाम | अध्यक्ष |
| १ | शंकर टोल विकास संस्था | ओव बहादुर पाण्डे | ६ | सांसद रोड नयाँ वस्ती टोल विकास संस्था | तारा कुमारी घिमिरे |
| २ | इन्द्रेणी टोल विकास संस्था | पुरन प्रसाद चौधरी | ७ | मिलन टोल विकास संस्था | खिम बहादुर के.सी. |
| ३ | सगरमाथा टोल विकास संस्था | सिता कुमारी चौधरी | ८ | शिव टोल विकास संस्था | घन बहादुर ओली क्षेत्री |
| ४ | बुद्वनगर टोल विकास संस्था | पदम प्रसाद पौडेल | ९ | पार्वती टोल विकास संस्था | गोपाल बहादुर के.सी.खत्री |
| ५ | शान्ति टोल विकास संस्था | धर्मदास चौधरी | १० | प्रभात टोल विकास संस्था | सुन्दर प्रसाद चौधरी |

| वडा न. ९ | | | | | |
|---|---|---|---|---|---|
| १ | लामखोला टोलविकास संस्था | लेखराज खैकला मगर | ६ | तल्लो घोषखोला टोलविकास संस्था | बिष्णु बहादुर कुवँर योगी |
| २ | लेवासे छाउनी टोलविकास संस्था | आलाराम सुनारी | ७ | सिम्ले बाबरी टोलविकास संस्था | भेषबहादुर कार्की |
| ३ | देवीकोट मुस्लिमटोल टोलविकास संस्था | गोपाल मिया | ८ | थापाटोल टोलविकास संस्था | सफि मोहम्बद मिया |
| ४ | रुपाकोट टोलविकास संस्था | नजरअलि मिया | ९ | जावुने टोलविकास संस्था | बालाराम बुढा |
| ५ | बरडाँडा टोलविकास संस्था | कृष्ण चुहान | १० | नयाँगाउँ टोलविकास संस्था | बालबहादुर उलुङ्गे |

## ऐन, नीति, नियम र कार्यप्रणाली

**नेपालको संविधानमा जनतालाई सार्वभौम सत्ता सम्पन्न र राज्यशक्तिको रुपमा स्पष्ट अंगिकार गरी ३ तह हुने व्यवस्था गरी स्थानीय सरकारलाई समेत स्पष्ट मान्यता र स्वायत्तता प्रदान गरेको छ । स्थानीय सरकारको एकल र साझा अधिकारको व्यवस्थाका साथै आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा विधायिकी, कार्यपालिकीय र न्यायिक भूमिका भएको हुनाले निति, नियम, कानून वनाई लागु गर्न सक्ने व्यवस्था गरेको छ ।**

# बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९

बालबालिका राष्ट्रको कर्णधार हुन । आजका बालबालिका नै मुलुकको भविष्यका नीति निर्माता हुन्छन् । उचित शिक्षा, पालनपोषण र अवसर दिई बालबालिकालाई आज जति योग्य बनाउन सकिन्छ, भविष्यमा त्यति नै देशले उचित नेतृत्व पाउने सम्भावना हुन्छ । वास्तवमा बालबालिका भनेका अर्काको सहारामा बाँच्नु पर्ने अपरिपक्व व्यक्ति हुन । उनीहरु आफ्नो हित अहितका वारेमा सोच्न सक्दैनन् । यसैको नाजायज फाइदा लिई बालबालिकाप्रति धेरै प्रकारका दुर्व्यवहारहरु हुन सक्दछन् । उनीहरुलाई अर्काको पालनपोषण र स्याहार सम्भारको आवश्यकता पर्दछ । बालबालिकाको पालनपोषण, स्याहार, विकास र संरक्षणको प्राथमिक दायित्व वावु आमा र संरक्षकको हो । साथै, बालबालिकालाई जन्मनु अघि र जन्मेपछि उचित स्याहार, पालनपोषण, शिक्षा दिक्षा दिई तथा हक अधिकारको संरक्षण गरी योग्य नागरिक बनाउनु सम्बन्धित सवैको दायित्व हो ।

बालबालिकाको हक हितको संरक्षण र विकासको लागि विगतमा सञ्चालन गरिएका विभिन्न प्रयासहरुका वावजुद बालबालिकाको स्थितिमा आशातीत सुधार हुन नसकेको यथार्थ हामी सामु विद्यमान छ । बालबालिकाको जन्म दर्ता न्यून रहेको छ भने शिशु मृत्युदर आशतीत रुपमा घटाउन सकिएको छैन । एक दशक लामो सशस्त्र द्वन्द्वको प्रभाव स्वरुप अपाङ्ग हुने, घाइते हुने र मानसिक पीडा वा मनोवैज्ञानिक असर परेका बालबालिका प्रसस्तै छन् । द्वन्दको कारणबाट पाँच हजार जति बालबालिका अनाथ हुन पुगेका छन् ।

६ देखि १० वर्षका बालबालिकाहरुको प्राथमिक विद्यालयमा भर्नाको दरमा बढिरहेको भएतापनि यिनमा छात्राको भर्नादर तुलनात्मक रुपमा निकै कम छ । कतिपय गरीब र सीमान्तकृत समूहका बालबालिकाहरु शिक्षा पाउने अधिकारबाट वञ्चित छन् ।

## मुख्य समस्या र चुनौती

बालबालिका सम्बन्धी विषयले राष्ट्रि य प्राथमिकता नपाउनु, बालबालिका सम्बन्धी क्षेत्रमा कार्यरत संस्थाको संस्थागत क्षमता कमजोर हुनु, बालबालिका सम्बन्धी कार्यमा समन्वयको अभाव हुनु र उपलब्ध स्रोत र साधनको पर्याप्त र उचित व्यवस्थापन गर्न नसक्नु बालबालिकाको विकास र संरक्षणका क्षेत्रमा देखिएका मुख्य समस्याहरु हुन । देशमा विद्यमान गरीबीले पनि बालबालिकाको हक अधिकारको संरक्षण र उपयोगमा समस्या थपेको छ । देशको भौगोलिक अवस्थाले बालबालिका सम्बन्धी चेतना अभिवृद्धि गर्ने कार्यमा समस्या उत्पन्न गरेको छ ।

सीमित स्रोत र साधनको अत्याधिक उपयोग गरी बालबालिकाको हक अधिकारको संरक्षण गर्नु, बालबालिकाको विकास गर्नु र बाल सहभागिता अभिवृद्धि गर्नु आजको चुनौति हो । विद्यमान बालबालिकासंग सम्बन्धित ऐन नियमहरुको प्रभावकारी कार्यान्वियन गर्नु र बालबालिकालाई विभेद गर्ने र बालबालिकाको विकासमा अवरोध श्रृजना गर्ने मौजुदा ऐन, नियम, कुरीति र परम्परालाई समयानुकूल संशोधन, खारेज र सुधार गर्नु आजको अपरिहार्य आवश्यकता भएको छ । केन्द्रदेखि समुदायसम्म बाल अधिकार र बाल विकास प्रति संवेदनशील बनाई सबैमा उत्तरदायित्व र स्वामित्वको बोध गराउनु पनि उत्तिकै आवश्यकता छ । बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाको संस्थागत क्षमता वृद्धि गर्नु पनि एक चुनौतीको रुपमा रहेको छ ।

## नीतिको आवश्यकता

मुलुकमा ठूलो राजनीतिक परिवर्तन आएको छ । राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भएको छ । संविधान सभाको ऐतिहासिक निर्वाचन सम्पन्न भई पहिलो पटक नेपाली जनता आफैले आफ्नो लागि संविधान लेख्ने कार्य भइरहेको छ । विभिन्न राजनीतिक पार्टी बीच भएको सहमति अनुरुप शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुग्न लागेको छ । मुलुकमा विकसित भएका यी राजनीतिक परिवर्तनसंगै बालबालिका प्रतिको दृष्टिकोणमा पनि आमूल परिवर्तन आएको छ । हिजो बालबालिकाको कल्याणमा जोड दिइदै आएकोमा आज बालबालिकाको अधिकारमा जोड दिन थालिएको छ । शैक्षिक क्षेत्रमा बालबालिका प्रतिको नियन्त्रण र शारीरिक सजाय दिने जस्ता सोचाई र भावनामा ठूलो परिवर्तन आएको छ । ती तमाम सोच, विकास र परिवर्तनसंगै अन्तर्राष्ट्रि य जगतमा विकास भएका बालबालिका सम्बन्धी नवीनतम आयामलाई समेटी नेपालले बालबालिका सम्बन्धी विभिन्न सन्धिलाई अनुमोदन गरी व्यक्त गरेको प्रतिबद्धता अनुरुप एउटा यथार्थपरक र व्यवहारिक बालबालिका सम्बन्धी राष्ट्रि य नीति तयार गरी लागू गर्नु आज अपरिहार्य आवश्यकता भएको छ ।

# बालबालिका सम्बन्धी ऐन, २०७५

## बाँच्न पाउने अधिकार :

(१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिका माथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नेछन्।

## नाम, राष्ट्रियता र पहिचानको अधिकार :

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

(२) बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्म दर्ता गर्नु पर्नेछ।

(३) जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम नाम राख्दा बाबु वा आमा तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा त्यस्ता बालबालिकाले आफूलाई हेरचाह गर्ने निजका परिवारका अन्य सदस्य वा संरक्षकले राखे बमोजिमको नाम पाउनेछ।

(५) प्रत्येक बालबालिकाले जन्मेपछि निजको बाबु आमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउनेछ।

(७) पितृत्वको ठेगान नलागेका बालबालिकाले आफ्नो नाम पछाडि आमाको थर प्रयोग गर्न पाउनेछ।

(८) कुनै बालबालिकाको थरको सम्बन्धमा विवाद उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले बाबुको थर प्रयोग गरेको मानिनेछ।

(९) बाबु र आमा दुवैको ठेगान नलागेका बालबालिकाले संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।

(१०) उपदफा (९) बमोजिम संरक्षकले नाम थर राखि दिँदा बालकल्याण अधिकारीलाई जानकारी दिनु पर्नेछ।

(११) कुनै औपचारिक कानूनी काम कारबाही वा लिखतमा कानून बमोजिम बाबु, आमा तथा बाजे, बजैको नाम उल्लेख गर्नु पर्ने भएमा त्यस्ता बालबालिकाको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमाको बाबु, आमाको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरे पुग्नेछ।

(१२) आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न हुँदैन ।

## भेदभाव विरूद्धको अधिकार

(१) कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गरिने छैन ।

(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा, छोरा वा छोरी, छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको छोराछोरीका बीच कुनै भेदभाव गर्नु हुँदैन ।

(३) कसैले पनि आफ्नो छोरा छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।

(४) कुनै महिला र पुरूषको वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरूबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन ।

## बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार

(१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई बाबु वा आमाबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ ।

तर त्यसरी आदेश दिनु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौकाबाट वञ्चित गर्नु हुँदैन ।

(३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबु आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रूपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने अधिकार हुनेछ ।

(४) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्मदिने बाबु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ ।

(५) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्म दिने बाबुआमा वा परिवारसँग भेटघाट गर्न दिनु पर्नेछ ।

## संरक्षणको अधिकार

(१) प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा बाबुआमाको समान दायित्व हुनेछ। बाबुआमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ ।

(३) कुनै पनि बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोराछोरी वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्याग्न पाउने छैन ।

(४) अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ ।

(५) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछूतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यबहार र शोषण विरूद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।

(६) प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरूको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुनेछ ।

(७) कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइने छैन ।

(८) कसैले पनि सशस्त्र द्वन्द्व वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन ।

(९) चौध वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्नु हुँदैन ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको संरक्षणको लागि आवश्यक उपायहरूको अवलम्बन गर्न तथा मापदण्ड बनाई लागू गर्न सक्नेछन् ।

## सहभागिताको अधिकार

आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ ।

## अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार

(१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ।

## संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार

(१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बाल क्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम बाल क्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## गोपनीयताको अधिकार

(१) प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुनेछ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियोको सिर्जना, सूचना सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन, बिक्री वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्न वा गराउन हुँदैन।

(३) बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारबाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नु पर्नेछ। यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गरिनु हुँदैन। तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिनेछ।

## अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार

(१) अपाङ्गता भएका बालबलिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ।

(२) अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रियरूपले सहभागी हुने तथा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार हुनेछ।

(३) अपाङ्गता भएका बालबालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालीम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ।

(४) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा, सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ।

## पोषण तथा स्वास्थ्यको अधिकार

(१) प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको समेत अधिकार हुनेछ ।

(२) गर्भवती महिला र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने, उमेर र परिपक्वता अनुसार शरीर, प्रजनन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई आधारभूत स्वास्थ्य उपचार निःशुल्क रूपमा प्राप्त गर्ने अधिकार हुनेछ ।

## खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक अधिकार

(१) प्रत्येक बालबालिकालाई निजको उमेर र रूची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ।

(२) प्रत्येक विद्यालयले पठन पाठन बाहेकको समयमा बालबालिकालाई खेलकुदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकुद स्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नु पर्नेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रूची र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार हुनेछ ।

(४) प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ ।

## शिक्षाको अधिकार

(१) छ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधि मार्फत् शिक्षा पाउने अधिकार हुनेछ ।

(४) दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ ।

## बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने :

(१) बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ ।

(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ ।

(३) यस ऐन बमोजिम बालकल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नु पर्दा, बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(४) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सार्वजनिक र निजी सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

## परिवार वा संरक्षकको दायित्व

(१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुनेछ ।

(२) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउनु, माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ ।

(३) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ ।

(४) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु हुँदैन ।

(५) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेकाबालबालिका लाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन ।

## राज्यको दायित्व :

विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ ।

## सञ्चार क्षेत्रको दायित्व :

बालअधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ ।

## बालबालिका विरूद्धको कसूर :

(१) कसैले उपदफा (२) बमोजिमको हिंसा वा उपदफा (३) बमोजिमको यौन दुर्व्यवहार हुने कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको बालबालिका विरूद्धको कसूर गरेको मानिनेछ ।

(२) कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बालबालिका विरुद्ध हिंसा गरेको मानिनेछ ।

(क) धूमपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,

(ख) बालिगहरूका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जनस्थलमा प्रवेश वा प्रयोग गराउने,

(ग) बालिगहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्य दृष्य जस्ता सामग्री देखाउने,

(घ) घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,

(ङ) शारीरिक चोट पटक वा असर पुर्‍याउने, आतंकित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,

(च) विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,

(छ) राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा, हड्‌ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्ने,

(ज) गैरकानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,

(झ) कठोर अमानवीय व्यवहार गर्ने वा यातना दिने,

(ञ) सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने,

(ट) जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने,

(ठ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रितिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेलाँ वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने, (ड) जादू वा सर्कसमा लगाउने, (ढ) कसूरजन्य कार्य गर्न सिकाउने, तालीम दिने वा त्यस्तो कार्यमा लगाउने, (ण) बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,

(त) प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने,

(थ) औषधि वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने,

(द) कानून बमोजिम बाहेक बाल गृहमा राख्ने ।

(३) कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बाल यौन दुर्व्यवहार गरेको मानिनेछ ।

(क) अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लिलता प्रदर्शन गर्ने वा गराउने,

(ख) बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,

(ग) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने,

(घ) अश्लिल कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,

(ङ) यौनजन्य मनसायले शरीरको संवेदनशील अंगमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अंग प्रदर्शन गर्ने वा गर्न लगाउने,

(च) कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबलिकालाई प्रयोग गर्ने वा गराउने,
(छ) यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,
(ज) बाल यौन शोषण गर्ने वा गराउने,
(झ) यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,
(ञ) यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,
(ट) वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना तथा शिक्षा प्रदान गर्ने उद्देश्यले अश्लीलता प्रकट नहुने गरी यौन सम्बन्धी विषयमा शब्द, चित्र, श्रव्य, दृश्य साधन तथा वस्तु वा सामग्रीका बारेमा लेखेर, बोलेर, इशारा वा प्रदर्शनको माध्यमबाट कुनै कुरा प्रकट गरेमा वा स्वास्थोपचार वा बालबालिकाको हितका लागि दुर्घटना वा जोखिमबाट बचाउ गर्ने क्रममा असल नियतले गरिएका कार्यलाई यौन दुर्वेयवहार गरेको मानिने छैन ।

## सजाय :

(१) कुनै व्यक्ति, संस्था वा निकायले परिच्छेद (२ मा उल्लिखित बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा परिच्छेद(३ मा उल्लिखित बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्ति वा संस्था वा निकायको प्रमुखलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) संरक्षक वा परिवारको कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा वा आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम, थर परिवर्तन गरेमा वा बालबालिकाको सम्पत्तिको दुरूपयोग गरेमा त्यस्ता आमा, बाबु वा परिवारका सदस्य वा संरक्षकलाई एकलाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) कसैले बालबालिका विरुद्धको कसूर गरेमा कसूरको मात्रा अनुसार देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा ६६ को उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) वा (द) वा दफा ७८ को उपदफा (१) वा (२) बमोजिमको कुनै कार्य गरेमा पचास हजार रूपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद,

(ख) दफा ६६ को उपदफा (२) को खण्ड (छ), (ञ), (ट), (ठ), (ड), (ण) वा (थ) वा उपदफा (३) को खण्ड (क), (ख), (ग), (ङ), (च) वा (ञ) बमोजिमको कुनै कार्य गरेमा पचहत्तर हजार रूपैयाँ सम्म जरिबाना र तीन वर्षसम्म कैद,

(ग) दफा ६६ को उपदफा (३) को खण्ड (घ) बमोजिमको कार्य गरेमा असी हजार रूपैयाँसम्म जरिबाना र चार वर्षसम्म कैद,

(घ) दफा ६६ को उपदफा (२) को खण्ड (ज) वा (झ) बमोजिमको कुनै कार्य गरेमा एक लाख रूपैयाँसम्म जरिबाना र पाँच वर्षसम्म कैद,

(ङ) दफा ६६ को उपदफा (२) को खण्ड (ढ) बमोजिमको कार्य गरेमा जुन कसूरजन्य कार्य सिकाएको वा तालिम दिएको हो त्यस्तो कसूरमा कसूरदारलाई हुने सजायको आधा सजाय,

(च) दफा ६६ को उपदफा (२) को खण्ड (त) बमोजिमको कार्य गरेमा पाँच लाख रूपैयाँसम्म जरिबाना र दश वर्षसम्म कैद,

(छ) दफा ६६ को उपदफा (३) को खण्ड (छ) वा (ज) बमोजिमको कुनै कार्य गरेमा प्रचलित कानून बमोजिम जबरजस्ती करणीको कसूरमा कसूरदारलाई हुने सजाय ।

(ज) दफा ६६ को उपदफा (३) को खण्ड (झ) वा (ट) बमोजिमको कुनै कार्य गरेमा एक लाख पचास हजार रूपैयाँसम्म जरिबाना र पन्ध्र वर्षसम्म कैद ।

(४) उपदफा (१), (२) र (३) मा उल्लिखित कार्य गर्न दुरूत्साहन गर्ने, उद्योग गर्ने वा मतियार हुने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने जरिबाना र कैदको आधा सजाय हुनेछ ।

(५) कसैले यस दफामा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार पचास हजार रूपैंयासम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

(६) यस ऐन बमोजिम एक पटक सजाय पाएको व्यक्तिले पुनः त्यस्तो कार्य गरेमा निजलाई यस दफा बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय समेत हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसूर मानिने रहेछ भने त्यस्तो कसूरमा सो कानून बमोजिम छुट्टै मुद्दा चलाई सजाय गर्न यस दफाको व्यवस्थाले कुनै बाधा पर्ने छैन र कसैले यस ऐन विपरीत कुनै कार्य गरे वापत निजलाई प्रचलित कानून बमोजिम यस दफामा लेखिएभन्दा बढी सजाय हुने रहेछ भने सोही बमोजिमको सजाय हुनेछ ।

(८) कसैले यस ऐन बमोजिम स्वीकृति नलिई बाल गृह, बाल सुधार गृह, निगरानी कक्ष, पुनर्स्थापना केन्द्र वा अस्थायी संरक्षण सेवा केन्द्रको स्थापना वा सञ्चालन गरेमा मन्त्रालयले त्यस्तो बाल गृह, बाल सुधार गृह, निगरानी कक्ष, पुनर्स्थापना केन्द्र वा अस्थायी संरक्षण सेवा केन्द्र बन्द गरी संलग्न व्यक्ति तथा संस्थालाई एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र प्रचलित कानून बमोजिम थप अन्य कारबाही गर्न सक्नेछ ।

## क्षतिपूर्ति

(१) बाल अदालतले प्रचलित कानून र यस ऐन बमोजिमको बालबालिका विरुद्धको कसूरको कसूरदारलाई भएको जरिबानाको रकमभन्दा कम नहुने गरी पीडित बालबालिकाको शिक्षा, शारीरिक

तथा मानसिक स्वास्थ्य, विकास र परिवारमा पुगेको हानी समेतको विचार गरी मनासिब क्षतिपूर्ति एकमुष्ठ वा आवधिक रूपमा कसूरदारबाट भराइदिनेछ ।

(२) उपदफा (१) बमोजिम कसूरदारबाट जरिबानाको रकम असूल हुन नसक्ने अवस्था भएमा वा त्यस्तो रकम असूल भए तापनि सो रकम बालबालिका विरुद्धको कसूरको तुलनामा न्यून वा अपर्याप्त लागेमा बाल अदालतले त्यस्ता बालबालिकालाई दफा ६३ बमोजिमको बालकोषबाट व्यहोर्ने गरी मनासिब माफिकको क्षतिपूर्ति भराई दिनेछ ।

(३) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडित बालबालिकाको मृत्यु भएमा त्यस्तो रकम निजको बाबु, आमा वा निजहरू नभएमा परिवारको अन्य सदस्य वा संरक्षकलाई दिइनेछ ।

(४) बालबालिका विरूद्धको प्रचलित कानून बमोजिमको कसूर, बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकालाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा प्रचलित कानून बमोजिम अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

## हदम्याद :

(१) दफा ६६ अन्तर्गतको कसूरको सम्बन्धमा प्रचलित कानूनमा कुनै हदम्याद तोकिएकोमा त्यस्तो हदम्यादभित्र र हदम्याद नतोकिएकोमा सो कसूर भए गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर नगरिएको अवस्थामा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिका विरूद्धको कसूरको सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालबालिका अठार वर्ष पूरा भएको मितिले एक वर्षसम्म कायम रहनेछ ।

## मुद्दा हेर्ने अधिकार

दफा ७२ को उपदफा (८) बाहेक सो दफाको अन्य उपदफा बमोजिम सजाय हुने मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार बाल अदालतलाई हुनेछ ।

## नेपाल सरकार वादी हुने

दफा ६६ अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।